Jana Aakash National Weekly
www.janaakash.com.np
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १३, २०८० साल कातिक १४ गते मंगलबार(Oct 31, 2023) www.janaakash.com.np

**जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www.janaakash.com.np**
अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।
जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा
इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।
**सम्पर्क : ४१६७५७८ (बागबजार)**
**मोबाइल: ९८५१०८७१५६**
**Email : janaakash.com.np@gmail.com**

# डाक्टर नहुँदा जिल्ला अस्पतालमा दुई महिनादेखि शल्यक्रिया ठप्प




हिमालपारीको जिल्ला मुस्ताङको जिल्ला अस्पतालमा शल्यक्रिया सेवा ठप्प भएको छ । अस्पतालका वरिष्ठ चिकित्सक सरुवा भएर गएपछि विगत दुई महिनादेखि सेवा प्रभावित भएको हो ।

अस्पतालमा कार्यरत नवौं तहका एमडिजिपी चिकित्सक डा.मुखिया घलेको सरुवा भएपछि शल्यक्रिया रोकिएको निमित्त मेडिकल सुपरिटेण्डेण्ट डा. तेजास नेपालले बताए ।

'उहाँ मनाङ अस्पतालबाट सरुवा भएर यहाँ आउनुभएको थियो । सरुवा भएकै दुई महिना हुन लागिसकेको छ । अर्को व्यवस्था हुन सकेको छैन् । यहीका स्थानीयलाई सेवा दिन सकिएको छैन्, पर्यटकहरुको चाप पनि उत्तिकै छ । निकै नै कठिनाई भएको छ', उनले भने ।

डा. घलेभन्दा अगाडि डा. कुन्दन कर्णले शल्यक्रिया सेवा दिँदै आएका थिए । दुवै डाक्टरले प्रसुति शल्यक्रियासँगै अन्य शल्यक्रिया सेवा पनि दिने गरेका थिए । विसं.२०३१ सालमा स्थापना भएको अस्पतालमा शल्यक्रिया सेवा सुचारु गरेको धेरै भएको छैन् ।

जिल्ला अस्पताल स्थापनाको ४८ वर्षपछि शल्यक्रिया सेवा थालिएको हो । १५ शैय्याबाट शुरु गरिएको अस्पताललाई प्रदेश सरकारको सहयोगमा स्तरोन्नति गरेर २५ शैय्याको बनाइएको छ ।

अस्पतालमा सामान्य शल्यक्रिया र प्रसुति शल्यक्रियाका लागि प्रदेश सरकारले आवश्यक उपकरण र तालिमहरु सञ्चालन गर्दै आएको छ । यद्यपि, दुई वर्ष नबित्दै पटकपटक सेवा » बाकी ६ पृष्ठमा

# २०८० सालको विजया दशमीमा आएन रौनक

**मोहन कार्की ।**

**काठमाडौं–** नेपालीहरुको महान पर्व विजया दशमी सकिएको छ । विगत बर्षहरु जस्तै २०८० सालको विजया दशमीको अवसरमा खासै रौनक छाएन । व्यापार, व्यवसाय त्यति फस्टाएन, देश-विदेशमा रहेका नेपालीहरुमा पनि त्यति उत्साह भएको पाइएन । विदेश गएका नेपालीहरुले पनि गएका बर्षहरुमा भन्दा आम्दानी बढाउन सकेनन् । कारण युक्रेन-रसिया युद्धको असर नेपाल मात्र नभएर विश्व जगतमा नै परेको थियो ।

नेपालमा पनि त्यसको पत्यक्ष असर परे को छ । हुनत नेपालको आर्थिक अवस्था अहिलेको अवस्थामा ल्याउन त्यो युक्रेन-रसिया युद्धको मात्र कारण होइन । विगतमा भएका आन्दोलन र नेपालको राजनीतिक पार्टीहरुले देशको अर्थतन्त्रको विकासको लागि गरेका कामहरु ति कामहरुले नेपाली अर्थतन्त्रलाई टेवा दिने खालका कार्यक्रम नल्याएको राजनीतिक परिवर्तनको नाममा गरेको नकरात्मक संकेतले आजको अवस्थामा देश पुगेको हो ।

त्यसैले नेपालीहरुको महान पर्व विजया दशमीमा समेत नेपाली समाजमा किनमेल, चहल पहल,व्यापार, व्यवसाय भनेको जस्तो गरी रौनकता हुन नकसके को व्यवासयीहरुले बताउने गरेकाछन् ।

यो संकुचन भएको अर्थतन्त्र सजिलै उकासिने छाटकाट देखिदैन । दशै लगतै




आउने पर्व तिहारमा समेत यसको सकरात्मक प्रभाव हुन सक्ने देखिदैन । त्यसकारण नेपालको अर्थतन्त्र सुस्ताएको हुनाले दशै-तिहार पर्वमा रौनकता नछाएको हो ।

यतिवेला काठमाडौ शहरमा मात्र नभएर देशैभरीका शहरी क्षेत्रमा बसो बास गर्ने मानिसहरुमा निरासा मात्र छाएको छ । व्यापार, व्यवसाय ठप्प प्राय छ । बजारमा प्रर्वाह हुनुपर्ने आर्थिक चलायनमान कतै भएको देखिदैन । विदेशवाट आयतित सामानहरु आयात गरे को ६ महिनामा समेत विक्री हुन नसकेर गोदाममा थन्किएका छन् ।

बिक्री वितरण गर्न राखिएका क्षेत्रहरुमा सामान बिक्री भएका छैनन् । आर्थिक संकुचनको असर जतातत्तै परे को कारण मानिसहरुले चाड बाड समेत फुकी फुकी मनाउन बाध्य भएका छन् । मानिहरुले खुलेर चाड बाड नमनाउने वित्तिक्कै त्यसको असर सवैतिर पुगेको हो । सवैतिर यस्ता नकरात्मक असर पुगेपछि मानिसहरुमा दशैको रौनक नदेखिएको हो ।

# हरेक भारतीय सैनिक माल्दिभ्सबाट फिर्ता हुनुपर्ने छ : राष्ट्रपति मुइज्जु



काठमाडौं- गत महिना माल्दिभ्सको राष्ट्रपतिमा निर्वाचित मोहम्मद मुइज्जुले भारतलाई आफ्नो सेना फिर्ता गर्न आग्रह गरेका छन् ।

नवनिर्वाचित राष्ट्रपति मुइज्जुले नोभेम्बरमा पदभार ग्रहण गर्नुअघि बीबीसीसँगको एक अन्तर्वार्तामा आफूले केही दिनअघि भारतीय राजदूतलाई भेटेको उल्लेख गर्दै भने, 'मैले उनीहरूलाई स्पष्ट रूपमा भनेको छु कि माल्दिभ्समा तैनाथ प्रत्येक भारतीय सैनिकलाई यहाँबाट हटाउनु पर्छ ।'

लामो समयदेखि भारतको प्रभावमा रहेको माल्दिभ्सका नवनिर्वाचित राष्ट्रपतिले आफूले चुनावमा जनतासँग गरेको प्रतिबद्धताअनुसार काम सुरु गरेको संकेत गरेका छन् ।

गत राष्ट्रपतीय चुनावमा चीन निकट भनेर चिनिने मुइज्जुले भारतसँग निकटताको सम्बन्ध बनाएका निवर्तमान राष्ट्रपति इब्राहिम सोलिहलाई पराजित गरेका थिए । सोलिह सन् २०१८ मा राष्ट्रपतिमा निर्वाचित भएका थिए ।

मुइज्जुको जित एकप्रकारले भारतका लागि झट्का मानिएको थियो । » बाकी ६ पृष्ठमा

# यस वर्ष तिहार ढिलो भएका कारण सयपत्री र गोदावरी फूलहरु सुक्न थाले

यस वर्ष तिहार ढिलो भएका कारण रामेछाप सहित धरै ठाउँमा सयपत्री र मखमली फूलहरू सुक्न थालेका छन् । यस वर्षको भाइटीका केही ढिला परेकाले अघिल्लो वर्षकै समयमा फूल रोप्नेहरु समस्यामा परेका हुन् ।

रामेछापको सुनापती गाउँपालिकाकी रुपा कार्कीले तिहारका लागी रोपेका फूलहरू सुक्न थालेको गुनासो गर्नुभयो । "भाईटिकासम्म पनि यो वर्ष फूलहरू नबस्ला जस्तो भयो । सबै फूलहरू अहिले नै ओईलाएर सुक्न थाले"उहाँले भन्नुभयो । » बाकी ६ पृष्ठमा





जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १३, २०८० साल कातिक १४ गते मंगलबार (Oct 31, 2023)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – – –

### दशौ सकिए पनि अर्थतन्त्र उकासिएन

नेपालमा बर्षको ११ महिना बराबर दशौ तिहारको मुखमा हुने एक महिनाको व्यापार झण्डै ९० प्रतिशत हुने गरेको थियो । तर नेपालको हालको अवस्था त्यस्तो छैन । २०८० सालको विजया दशमीको आसपासमा खासै व्यापारले गति लिन सकेन । काठमाडौ शहरको मुख्य व्यापारिक केन्द्र जस्तै न्यूरोड, प्युखा, सुनधारा, भोटाहिटी, असन, इन्द्रचोक लगायत क्षेत्रमा हुने व्यापरिले २०८० सालको बिजया दशमीको अवसरमा खासै व्यापार गर्न सकेनन् र घर भाडा लिएर बसेका व्यापारिले सटरमा सामान नै छोडेर समेत हिड्ने सम्मको वातावरण सृर्जना भयो ।

यो अवस्था आउनु भनेको नेपालको राजनीतिक अविश्वास, अन्तराष्ट्रिय युद्धले पारेको असर जस्तै युक्रेन-रसिया युद्धले पारेको असर, नेपालमा २००७ सालदेखि हालसम्म परिवर्तनको नाममा राजनीतिक पार्टीहरुले गरेको काम उपलब्धि मुलक नहुनु र देश सधै परनिर्भरमुखी हुदै लैजानु जस्ता कारणहरु २०८० सालमा आईपरेको आर्थिक संकट भएको आर्थिक विज्ञहरुले लगाएकाछन् ।

यो उनिहरुले लगाएका आरोप र भनाईलाई आधार मान्दा पत्याउने आधार पनि छन् । नेपालमा उत्पादनमुलक केही पनि नगर्नु तर विदेशमा गएर तिनै युवाहरुले असामान्य प्रगति गर्नु जस्ता उदारणले नेपालका योजनाकारहरु, राजनीतिक पार्टी, नेपाली समाजको अगुवाई गर्ने समूहहरु चुकेको हो ।

नेपालमा राणकालीन अवस्थामा नै नेपालले धेरै प्रकारका सामान, बस्तु उत्पादन गरेर निर्यात समेत गर्ने गरेको थियो । पछि महेन्द्रकालीन अवस्थामा अरु थप उद्योग, कलकारखाना स्थापना गरेर थप आत्मनिर्भर बनाउने काम त्यतिवेलाको सरकारले गरेको थियो । तर २०४६ सालको परिवर्तन पछि एकपछि अर्को गर्दै नेपालका उद्योग कलकारखाना नीजिकरण गरेर लान थालेपछि नेपालका उद्योग व्यापार कलकारखाना सवै बन्द हुदै लगेका थिए । त्यो वेलादेखि शुरु भएको नेपालको परनिर्भरता आजसम्म आईपुग्दा आर्थिक रुपमा यसरी टाट पल्टिदै गएको छ । हेर्दा तत्कालै आएको समस्या जस्तो देखिएपनि यसको समस्या ७३ बर्ष आगाडी रोपिएको राजनीतिक असरले नेपाललाई यो अवस्थामा पुऱ्याएको हो ।

आजको भोलि आर्थिक संकट टर्ने सम्भवना कम छ । यसको लागि गृहकार्य र देशप्रति दृढ संकल्प लिएर योजना बनाउन सक्ने क्षमता भएको राजनीतिक दुरदर्शिता भएको नेतृत्व देशलाई आवश्यक छ । ताकी कुनै विदेशी निर्देशनमा चल्ने चलाईने नेतृत्ववाट नेपालको हालको बिग्रदो अवस्था सम्भव छैन ।

# पढाइदेखि विरक्तिएका विद्यार्थी



केशव अधिकारी

हाम्रो देशका कुनै जमानाका शिक्षित वर्गका युवा समुदायले अरु जागिर केही नपाए पनि शिक्षकको जागिरचाहिँ पाइन्छ भन्थे र अवस्था पनि त्यस्तै थियो ।

आजसम्मको समय बित्दै जाँदा त्यो अवधारणा परिवर्तन हुन पुगेको छ । समग्र समाजको दृष्टिले हेर्दा शिक्षक हुन मामुली कुरा भए पनि शिक्षक भएर आफ्नो कर्तव्य निर्वाहमा रत भएका जो-कसैलाई पनि आफ्नो भूमिका निभाउन हम्मे परेको अनुभूत हुने गर्छ । यसरी हम्मे पर्नुको खास कारण भनेको पढाइदेखि विरक्तिएका विद्यार्थीका पढाइप्रतिको उदासीनताले गर्दा हो । आफ्ना विद्यार्थीलाई आफूले पढाइको विषयवस्तुमा पोख्त बनाउन पाए हुन्थ्यो भन्ने इच्छा कुनचाहिँ शिक्षकको मनमा नरहला र ? तथापि पढाइ-लेखाइजस्तो प्राविधिक कर्ममा कुनै एक पक्षको कमजोरी हुन गएपछि सारा पढाइ नै चौपट हुन पुग्दछ ।

केवल शिक्षकको चाहनाले मात्र सफल सिकाइ हुने होइन । अहिलेका विद्यार्थीवर्गमा पढाइ-लेखाइप्रतिको तृष्णा करिब मरेर गएको जस्तो हरेक विषय सिकाउने शिक्षकले अवश्य महसुस गरेकै हुनुपर्दछ । पढाइप्रतिको उदासीनताले विरक्त भएका विद्यार्थी घरबाट स्कुलसम्म अभिभावकका करबलले आउने गर्छन् भने स्कुलमा आएका करिब ९५ प्रतिशत विद्यार्थीलाई शिक्षकले करबलले सिकाउनुपर्ने अवस्था हाल सिर्जना भएको छ ।

शिक्षक र अभिभावकको दपेटाइबाट सिर्जना भएको करबलको वातावरणमा लेखपढ गरेको विद्यार्थीले नैतिक आचरणको व्यवहार कसरी देखाउन सक्ला ? भन्ने प्रश्न उठ्छ । वास्तवमा बालबालिका भनेका काँचो माटोजस्तै हुन् । शिक्षक र अभिभावकले जस्तो वातावरण सिर्जना गरी उनीहरुको शिक्षा सिकाइलाई अगाडि बढाउँदै लैजान्छन् विद्यार्थी पनि सोही अनुसारका भएर निस्कन्छन् । उनीहरुलाई वातावरणका विभिन्न कुराले प्रभाव पारिरहेको हुन्छ । यस्ता प्रभाव सकारात्मक र नकारात्मक गरी दुई खालका हुन्छन् । जुन विद्यार्थीले सकारात्मक सोच राखेर लेखपढ गर्छन्, तिनको व्यवहार पनि सकारात्मक नै हुन्छ । नकारात्मक प्रभाव भएको वातावरणमा वा समयमा जन्मेकाहरुको सोचाइ नकारात्मक नै हुन पुग्दछ ।

अहिले आएर हाम्रा आम बालबालिकाहरुको अझ स्कुल तहका विद्यार्थीभित्रको सोचाइ निकै नकारात्मक हुन पुगेको विषयमा पनि धेरै कुराले भूमिका खेलेका छन् । यसरी भूमिका खेल्ने तत्वमध्ये सबैभन्दा प्रमुख तत्व भनेको हाम्रो देशको आम शिक्षित जनशक्ति स्वदेशमा रोजगारी नपाएर विदेशिन बाध्य बनेको छ । यसरी विदेशिने युवावर्गका मसिना बालबच्चाले यस कुराको सूक्ष्म विश्लेण गरेर एउटा निष्कर्ष निकाल्नुपर्ने अवस्था अहिलेको परिवेशिक आवश्यकता हो । तर निष्कर्ष निस्कनुको साटो र स्वदेशमै भविष्य खोजिनुको साटो हाम्रा युवाहरु विदेश जानै बाध्य भइरहेका छन् । यसरी आ-आफ्ना अभिभावक विदेशिन बाध्य भएका घटनाले ती अबोध बालबालिकाको मनमा हाम्रो शिक्षा व्यवस्थाप्रति सकारात्मक नभई नकारात्मक भाव उत्पन्न हुन पुग्छ । स्वदेशमा उपयुक्त रोजगारी नपाएर विदेश पसेकाहरुले बेलाबेलामा आफ्नो घरतिर आउँदा ओकलेका देशप्रतिका घृणित शब्दले गर्दा उनीहरुका मनमा नकारात्मक भाव पैदा हुन पुग्छ र उनीहरुलाई लेखपढ गर्न मन लाग्दैन ।

अर्को कुरा, पढाइ-लेखाइको तुलनामा पैसा महत्वपूर्ण हो भन्ने नकारात्मक भावना आजका हरेक बालबालिकाका दिमागी नसामा भरिन थालेको छ । पढेर को ठूलो मान्छे बन्छ र ? बरु धेरै धन कमाउन सकियो भने सबैको हेराइमा सकारात्मक वा आदरभाव स्वतः उत्पन्न हुन्छ भन्नेजस्ता भावनाको बढोत्तरीका कारणले पनि आम बालबालिकालाई पढाइमा रुचि जागेको देखिँदैन । धेरैजसो बालबालिकाका अभिभावकमध्ये पुरुष अभिभावक कमाइ गर्नको लागि भनेर वैदेशिक रोजगारीमा जान थालेपछिका दिनमा आम बालबालिकालाई आफ्नो भविष्य र उत्तरदायित्व बारेको ज्ञान शून्यतिर धकेलिँदै गएको हो कि भन्ने ठम्याइ रहेको छ ।

विद्यार्थीको पढाइप्रतिको तृष्णा करिब मरेर शून्यावस्थातिर धकेलिरहेको जस्तो लाग्दछ । विशेष गरेर पुरुष अभिभावकको वैदेशिक रोजगारीमा जाने लहर चलेका कारण धेरैजसो बस्तीहरु अभिभावकहीन बन्न पुगेका छन् । यतिसम्म कि हाम्रो समाजमा मरेको लास उठाउने दह्रो युवा करिब शून्य भएको अवस्था छ । यो कहाली लाग्दो अवस्थाले बालबालिकाका मानसपटलमा पार्ने नकारात्मक असरका कारण उनीहरु पनि विदेशको सुनेको झिलिमिलीमा रम्न थाल्छन् । आफ्नो माटोको माया करिब बिर्सन पुग्छन् । अथवा उनीहरुलाई स्वदेशी माटाको मूल्यबारे कति पनि थाहा हुँदैन । माटोको माया थाहा नभएपछि मनमा पढाइको जाँगर लाग्दैन ।

जाँगरको साटो उनीहरुभित्र आलस्यले डेरा जमाउन थाल्छ । यो अवस्थामा पुग्नुअगावै जसका अभिभावकले सही उपचार गर्न जान्दछन् र निराशाबाट जोगाउँछन्, त्यस्ता बालबालिकाहरु पढाइ-लेखाइप्रति केही मात्रामा भए पनि सचेत हुन्छन् । उनीहरुले माटो कसरी हाम्रो जन्मदेखि मृत्युपर्यन्तको आधार हो भन्ने कुरो राम्ररी जान्न आवश्यक छ । जुन देशका आम नागरिक र बालबालिकाहरुले समेत आ-आफ्नो हृदयभित्रैदेखि माटोको माया गर्न सकेका खण्डमा मात्रै समग्र देशको उन्नति होला कि भनेर बलियो आधार र विश्वास खडा हुन सक्छ ।

पढाइबाट विरक्त भएका बालबालिकाहरु आफूमात्र पढाइ छोड्ने वा पढाइबाट भाग्ने नभई उनीहरुको सङ्गतका अरु बालबालिकाहरुसमेत तिनका प्रभावमा परेर पढाइप्रतिको कर्मबाट पर हट्न थाल्छन् । उता उनीहरुका अभिभावकका लागि यो विरक्तको अवस्था झनै विरक्त लाग्दो हुन जान्छ । अभिभावकले आफ्ना सन्तानबाट कति धेरै उत्साहपूर्ण सिकाइ र निपूणताको अपेक्षा गरिरहेका बेलामा उल्टो बाटोमा हिँड्दै गरेका बालबालिकाले भोलिको भविष्य कस्तो बनाउलान् भन्ने चिन्ता गरिनु स्वाभाविकै हो ।

अझै उनीहरुले हाम्रा सरकारी कार्यालयबाट आम नागरिकलाई प्रदान गरिनुपर्ने सेवा-सुविधाका बारेका ढिलासुस्ती, कमिसनतन्त्रको जालो, जसका हातमा सत्ताको बागडोर हुन्छ, उसले देश लुटेकोजस्ता कुरा गहिरोसँग बुझेका खण्डमा उनीहरुभित्रको थोरैतिन इमानदारीपना पनि पूरै हराएर जान कति बेर लाग्ने छैन । राजनीति गर्ने नेताले होस् कि, सुरक्षा दिन तत्पर रहन्छु भन्ने सिपाही, प्रहरीले होस् वा आम जनताको सेवक र त्यसमा पनि राष्ट्रसेवकको उच्च दर्जा भिरेको कर्मचारीतन्त्रको वास्तविक रहस्य थाहा पाउने हो भने हाम्रा बालबालिकाहरुमा पढाइको स्तर अझै घटेर जाने कुरा निश्चित छ । यस्तो रहस्यमय कुराले उनीहरुको दिमाग भरिएपछि उनीहरु दिक्क लाग्दो पढाइको खतराबाट पर भागेर जोगिन खोज्छन् ।

अभिभावक र शिक्षकलाई ढाँटेरै भए पनि पढाइको झन्झटबाट आफूलाई अलग बनाउने उद्योगमा लाग्छन् ।

हाम्रो शिक्षा नीतिका हकमा भन्ने हो भने विद्यार्थीले सैद्धान्तिक ज्ञानका साथै प्रयोगात्मक सीप पनि हासिल गर्नुपर्ने भनेर सैद्धान्तिक र व्यावहारिक वा प्रयोगात्मक सीप सिकाइका लागि भनेर पाठ्यक्रम तयार पारिएका छन् । देखावटीरुपमा भन्ने हो भने पाठ्यक्रम अनुसार सिकाइको गति अगाडि सार्ने भनिएको हुन्छ । वास्तविकतालाई नियालेर हेर्दा यस्तो भएको पाइँदैन । करिब ९० प्रतिशत र अझै बढी प्रतिशत सैद्धान्तिक शिक्षा र केवल दश प्रतिशतभन्दा पनि निकै कम प्रयोगात्मक विषयवस्तु सिकाइने प्रचलनले गर्दा विद्यार्थीहरु सैद्धान्तिक सिकाइ वा सुँगा रटाइको बोझबाट वाक्क भएर समग्र पढाइ र सिकाइबाट भाग्दै गएका छन् ।

उनीहरुको आत्मिक ध्येय भनेको हामीलाई यस्तो जाबो घोकन्ते वा सैद्धान्तिक शिक्षा चाहिएन, बरु स्वतन्त्र छोडिदेऊ अभिभावकहरु वा शिक्षकहरु हाम्रो भविष्य नपढेर पनि बिग्रँदैन, हामी स्वयम् हाम्रो भाग्य बनाउन सक्छौँ भन्ने भित्री धड्कनको आवाज प्रस्टसँग प्रकट भएको सुनिन्छ ।

सबैजसो शिक्षालयहरुको वातावरण विविध क्षमता र शारीरिक वा मानसिक अपाङ्गता भएका विद्यार्थीका लागि उपयुक्त रहेको हुँदैन । अधिकांशमध्येका ज्यादै थोरै विद्यार्थीका लागि मात्र सुहाउँदो भएको वातावरणमा गोलमोल बनाई राखेर सिकाउँदैमा आम विद्यार्थीले सिक्न सक्छन् नै भन्ने निश्चित हुँदैन । यस्तो क्रम सरकारी विद्यालयको तुलनामा निजी स्कुलमा अधिक मात्रमा हुने गरेको पाइन्छ ।

तथापि अन्त्यमा गएर सरकारीका तुलनामा निजी स्कुलकै विद्यार्थीले अधिक सफलता हासिल गरेको कुरा सुन्न र भोग्न पाइएको छ । सरकारी स्कुलमा पढाइमा ध्यान नदिने विद्यार्थीलाई त्यति वास्ता गर्न नसकेको कारण त्यस्ता विद्यार्थीले पढाइ र सिकाइप्रतिको लत छोड्दै र विर्सदै जाने गर्छन् । तर निजी स्कुलमा त्यसरी कमजोर र पढाइमा मन नदिने विद्यार्थीलाई जेसुकै होस् भनेर रामभरोसामा छोड्न पाइने वातावरण प्रायजसो अवस्थामा हुँदैन । बरु त्यस्ता विद्यार्थीलाई पार लगाउन सकिने हो वा होइनको निर्क्यौल गरेर तदनुसारकै क्रियाकलाप गरेर भए पनि उसलाई पार लगाउने बाटोमा जानुपर्ने बाध्यता हुन्छ ।

यो बाध्यता भनेको केवल विद्यार्थीको मात्र बाध्यता नभएर शिक्षकको रोजीरोटीको विषयसँग र अभिभावकको अपेक्षासँग समेत जोडिने विषय हुन पुग्छ । वास्तवमा भन्ने हो भने शिक्षा सिकाइको आम सिद्धान्त उड्ने विद्यार्थीलाई खुल्ला आकाशमा उडेर विचरण गर्न देऊ । हिँड्ने विद्यार्थीलाई ऊ नथाकुन्जेल दौडन वा हिँड्न देऊ । अनि घस्रने वा ताते गर्ने विद्यार्थीलाई ताते गर्न वा घस्रन देऊ भन्ने कुरा कडाइका साथ लागू हुनुपर्ने विषय थियो ।

तर विडम्बना के छ भने, स्वच्छन्द आकाशमा विचरण गर्ने इच्छा र तदनुसारको क्षमतासमेत भएको विद्यार्थीले भर्खर घस्रँदै वा बामे सर्दै गरेको विद्यार्थीलाई दिक्क लाग्ने गरी पर्खेर सँगै लिएर हिँड्नुपर्ने बाध्यताले गर्दा पनि अलि असाधारण क्षमताका केही विद्यार्थीहरु केही समयपछि गएर पढाइमा निकै खस्केका हुन्छन् । यसरी खस्केको पढाइको हकमा विद्यार्थीलाई दोष थोपरेर शिक्षक र विद्यालय प्रशासन चोखो र साखिलो बन्न सुहाउने कुरा पटक्कै होइन । यस आलेखको मूल मर्म भनेको, अहिले आएर हाम्रो देशका माध्यमिक स्तरका जति लाख विद्यार्थीले जुन शिक्षालयबाट शिक्षा हासिल गर्दै छन्, तिनमा धेरैजसो विद्यार्थीको मानसमा पढाइको भोक लाग्नुको साटो पढाइबाट भागेर कसरी पलायन हुने ? भन्ने चिन्ताले गाँजेको पाइन्छ ।

आम विद्यार्थीका पढाइप्रतिको सोचाइ यसरी नकारात्मक बन्नुले भविष्यमा उत्पादन हुने युवा जनशक्तिले पढाइ-लेखाइजस्तो हरेक विषयवस्तुको आधारभूत तत्व भएर पनि यसैलाई तिरस्कार गरेर भित्रैदेखि शिक्षाप्रतिको नकारात्मक सोच पालेर बस्ने हो भने हाम्रो शिक्षा क्षेत्र तहसनहस भएर जान कति बेर लाग्ने छैन । यसै कारणले गर्दा आम क्षेत्रका विद्यार्थीको पढाइ-लेखाइप्रतिको मर्दै गएको इच्छाशक्तिलाई शतप्रतिशत हौसला मिल्ने खालको कार्यक्रम अभियानका रुपमा चाँडोभन्दा चाँडो अपनाएर पढाइ-लेखाइप्रतिको विद्यार्थीको रुचिलाई जगाउने कामतिर सम्बन्धित सबैको ध्यान जान जरुरी भइसकेको छ ।

# पुराना भाका र कलाकारिता क्षेत्रको अनुभव बोकेर गायक तथा कलाकार मोतीराज खनाल जन आकाश मिडियामा



बिनोद कार्की-

**तपाईको बाल्यकाल कसरी बित्यो यो गीत सीत क्षेत्रमा कसरी आउनु भयो ?**

अर्घखाची जिल्ला सितगंगा नगरपालिका वडा नं.२ मा मेरो जन्म भयो मेरो बाल्यकाल गाउँघरमा उकाली ओराली मेलापात गरेर सुखदाही अवस्थामा भन्दा पनि दुखदाही अवस्थामा बाल्यकाल बित्यो गाउँबाट दुई घण्टा हिढेर स्कुल पुग्नु पऱ्यो अहिलेको जस्तो त्यति सेवा सुविधा थिएन ।

म यो गीत सङ्गीत क्षेत्रमा लाग्न पढाइको शिलसिलामा काठमाडौं आए आफूलाई सङ्गीत प्रति धेरै रुचि भएकाले काठमाडौंको आर आर क्याम्पसमा सङ्गीत विषय लिएर पढे सङ्गीत विषय पढ्दै २०६५ सालमा पहिलो गीत रेकर्ड गरे त्यस गीत पश्चात निरन्तर गीत सङ्गीत क्षेत्रमा लागि परे अहिले दर्जनौं गीत मेरा बजारमा छन् ।

**तपाईलाई गाउघरमा कसरी चिन्छन । पछिल्लो समय कस्तो महसुस गर्नु भएको छ ?**

विगतमा मलाई गाँउ घरका दाजु भाईले साथिभाई सम्झिन्थे अहिल्य गायक तथा संङ्गितकार भनेर चिन्छन । मैले आफलाई चै विगतका साथिभाई साथिभाई नै लाग्छ । त्यतिबेला हामि संगै मेलापातमा गीत गाउथ्यौ ।

अहिले गाउँघर धेरै परिवर्तन भएको छ । सबै प्रकारका गीतहरू सुन्न थालिसकेका छन् । विशेष गरी हाम्रो तिर चाही पश्चिमेली गीतहरू धेरै जसो सुन्ने गर्दछ ।

**तपाइलाई कस्तो खालको गीत गाउन र सीत भर्ना र मन पर्छ ?**

गाउन त मैलै थुप्रै टेली सिरियल र टेली फिल्मको गीत गाएको र सङ्गीत भरेको छु तर मलाई वेदनाका गीतहरू एकदमै मन पर्छ । मैलै थुप्रै वेदनाको गीतहरू गाएको छु । मलाई वेदनाको गीत गाउन र सङ्गीत भर्ना एकदमै रुचि लाग्छ ।

**तपाइले थुप्रै टेली सिरियल र टेली फिल्ममा अभिनय गर्दा थुप्रै व्यतिलाई श्रीमती बनाउनु भएको छ । त्यस्ता भिडियो तपाइको जीवन साथीले हेर्दा कस्तो प्रतिक्रिया दिनुहुन्छ ?**

मेरो जीवन साथी पनि कलाकार नै हुन् बुझ्छिन् कलाकारको मर्म कलाकार भएपछि थुप्रै क्यारेक्टर गर्नुपर्छ । त्यसैले कलकारिता क्षेत्र भनेको कलाकारिता क्षेत्रमै सीमित हुन्छ ।

**भोलीका दिनमा आउने नव प्रतिभाको लागि के भन्न चाहनुहुन्छ ?**

यो क्षेत्र सबैको हो । आउनुस् । आफ्नो प्रतिभा देखाएर अगाडि बढ्नुस् । हामीबाट पनि आउने प्रतिभाहरुलाई साथ सयोग मिल्ने छ । यो क्षेत्रमा सङ्घर्ष गर्नुस् नहुने कुरा केही हुँदैन । हुन त यो गीत सङ्गीत क्षेत्र र कलाकारिता क्षेत्रमा कुन बेला कसको भाग्य चम्किन्छ । थाहाँ नै हुँदैन । आउनुस् अगाडि बढ्नुस् मेहनत गर्न नछोड्नुस् । यो संसारमा असम्भव भन्ने केही पनि छैन् ।

# आफ्नो प्रतिभा देखाउँदै कैलालीका शिक्षक दिपदर्शन कुवाँर जन आकाशमा



*जन आकाश मिडिया प्रा.लि ले निर्माण गरेको सङ्गीत खबर कार्यक्रमले विभिन्न लेभलका अग्रज देखि नव प्रतिभा सम्मको व्यक्तित्वहरुलाई स्थान दिँदै आएको छ । लुकेका प्रतिभालाई प्रस्फुटन गर्ने अग्रजलाई सम्मान दिने सङ्गीत खबर कार्यक्रम हरेक हप्ताको बुधबार जन आकाश मिडियाको युटुब च्यानल जन आकाश टिभीबाट प्रशारण हुँदै आएको छ । भने प्रतिभा र स्थान नपाएका नव प्रतिभासँग गीत सङ्गीत सम्बन्धी गरेको भलाकुसारीलाई हरेक हप्ताको मङ्गलवार बजारमा सार्वजनिक हुने जन आकाश पत्रिकामा समेत सम्प्रेषण हुँदै आएको छ ।*

*सुमधुर स्वर र थुप्रै क्यारिकेचर बोकेर कैलाली टेक्निकल, टेक्नोलोजी कलेजका प्रिन्सिपल दिपदर्शन कुवँर सङ्गीत खबर कार्यक्रमको कुराकानीमा यसरी जोडिन्छन् ।*

*विगत केही वर्षदेखि कैलाली मोहन्याल गाउँपालिकामा टेक्निकल टेक्नोलोजी कलेजमा प्रधानाध्यापक भूमिका निर्वाह गदै आउनु भएको र एमाले पार्र्टीमा पनि सक्रिय रहेका दिपदर्शन कुवँरको कुराकानीलाई हामीले यस अंकमा प्रस्तुत गरेका छौं ।*

**तपाई विभिन्न लेबलको विद्यार्थीलाई पढाउदै आउनु भएको छ शिक्षक भएर राजनीति क्षेत्रमा लाग्न पाइान्छ ?**

म एउटा प्राइभेट शिक्षक हो मलाई पूण रूपमा नेपाल सरकारले अनुमति दिएको छ । शिक्षकभएर राजनीति क्षेत्रमा लाग्न नहुने भन्ने होइन एउटा गायकले गीत पनि गाउन पाइन्छ । जस्तै बालेन साह गायक पनि हुन जनताको जनप्रतिनिधि पनि हन् । त्यसैले म राजनीतिक गर्छु मेरा विद्यार्थी भाइबहिनीहरूलाई असर नपुग्ने गरी राजनीति क्षेत्रमा अगाडि बढ्छु ।

**अहिले देशमा आर्थिक संकट आउदा एमाले पार्टीले के गरेको छ देशको लागि ?**

एमाले पार्टी अहिले सकारमा छैन । अहिले एमालेले यति नै गरो भन्न सक्दिन एमाले पार्टी भित्र पनि राम्रा र नराम्रा मान्छे छन् । त्यसैले अहिले पार्टीले यति नै गरो भन्न सकिदैन्

**गीत सङ्गीत क्षेत्रमा भविष्य छ जस्तो लाग्छ कि छैन जस्तो लाग्छ**

यो सङ्गीत क्षेत्रमा भविष्य छ तर स्थापित हुन् धेरै टाइम लाग्छ अब त्यसमा पनि दर्शकले रुचाइदिनु पर्ने हुन्छ । दर्शक श्रोताको मनमा बस्न सकियो भने अवश्य गीत सङ्गीत क्षेत्रमा भविष्य बनाउन सकिन्छ । हेरम अब सिक्ने क्रममा छु ।

**तपाई कस्ता खालका गीतमा रूचि राख्नु हुन्छ ?**

म प्राय सबै प्रकारका गीतहरू सुन्ने गर्छु मलाई प्राय सबै प्रकारका गीतहरू मन पर्छ विशेष गरी नेपाली मौलिकता झल्काउने पश्चिमेली लोक भाकाका सुन्ने र गुनगुनाउने गर्छु । अहिले पछिल्लो समय नेपाली लोक भाकामा पनि छाडा विकृति आएको देख्दा लोकदोहरी प्रतिष्ठानले याक्सन लिनु पर्ने हो कि जस्तो लाग्छ ।

**हाम्रा माग पुरा गर भन्दै शिक्षक सडकमा उत्रिएका छन् भोलिका दिनमा शिक्षकको भविष्य कस्तो छ जस्तो लाग्छ ?**

टिचरहरूका सबै माग पुरा गर्न सक्ने स्थिति छैन । निजामती कर्मचारीका सबै माग सरकारले सम्बोधन गर्न सक्दैन् । सरकारको क्षमता अनुसार सबै शिक्षक र निजामती कर्मचारीको माग पुरा होस् ।

**भोलिका दिनमा गीत संगीत क्षेत्रमा कसरी जाने सोचमा हुनुहुन्छ ?**

म राजनीति गर्दा पनि मेरो प्रचार प्रसार गर्नको लागि म आफै एउटा गीत गाउछु गीत सङ्गीत भनेको मेरो आधा ज्यान नै हो । म आमालाई सय चोटि सम्झिन्छु भनी ९९ चोटि म गीत संगीतलाई सम्झिन्छु । जाहाँ जाँदा पनि गीत सुन्ने गर्छु । भोलिको दिनमा अझ मेहनतका सात गीत सङ्गीत क्षेत्रमा लाग्ने सोच बनाएको छु ।

नव प्रतिभा दिपदर्शन कुवाँसँग जन आकाश साप्ताहिकका संवाददाता विनोद कार्कीले संवाद गरेर तयार पारेका हुन् । नयाँ प्रतिभाको खोजी अभियान जन आकाश मिडियाले थालेको छ ।

उक्त अभियानमा जोडिन जन आकाशका विनोद कार्कीसँग सम्पर्क गर्न सकिने छ । अथवा जन आकाश मिडियाको अफिसमा सम्पर्क गरेर पनि उक्त अभियानमा जोडिन सक्नु हुनेछ ।

# रामेछाप डायरी

## दसैं अवधिमा रामेछापमा ६ सय ५० सवारी साधन कारबाहीमा




रामेछापमा दसैंको अवधिमा नियम विपरीत सञ्चालन भएका ६ सय ५० सवारी साधन कारबाहीमा परेका छन् । नियमविपरीत सञ्चालित सवारी साधनलाई नियन्त्रणमा लिइ कारवाही गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रामेछापका प्रमुख दीपक चौलागाईंले बताउनुभयो ।

ट्राफिक प्रहरीले कार्तिक १ गतेदेखि ११ गतेसम्म ट्राफिक नियम उल्लङ्घन गर्ने सवारी साधनलाई कारबाही गरेर ६ लाख ५० हजार रुपैयाँ राजस्व समेत सङ्कलन गरेको छ ।

सवारी चालक अनुमति पत्र (लाइसेन्स) नभएका, क्षमताभन्दा धेरै यात्रु बोक्ने, मोटरसाइकलमा दुई जनाभन्दा बढी चढ्ने, मादक पदार्थ सेवन गरी सवारी चलाउनेहरूलाई कारबाही गरिएको हो । कारबाहीमा पर्नेमा सबैभन्दा बढी साना जीप र मोटरसाइकल रहेका छन् ।

चाडपर्वको समयमा यात्रुको चाप बढी हुने, झुण्डिएर यात्रा गर्ने र मादक पदार्थ सेवन गरेर सवारी साधन चलाउने काम भइरहेकाले त्यसलाई कडाइकासाथ जाँच गर्ने काम निरन्तर रहेको ट्राफिक प्रहरी प्रमुख चौलागाईंले बताउनुभयो । यस वर्ष दशैंमा कुनै पनि अप्रिय सडक दुर्घटना नभएको ट्राफिक प्रहरी प्रमुख चौलागाईले बताउनुभयो ।

## मन्थलीमा सृजनशील टावर



**रामेछाप–** मन्थलीमा सृजनशील टावर सञ्चालनमा आएको छ । जिल्ला भित्र र राजधानी काठमाडौँमा रहेर पनि जिल्लाको प्राज्ञिक विकासमा र विभिन्न रचनात्मक विकासको काम गर्दै आएको रामेछाप काठमाडौं सृजनशील समाज नामक गैर सरकारी संस्थाले आफ्ना सदस्यहरू सँगको सहयोग र स्थानीय सरकार संगको समन्वयमा निर्माण गरेको हो । उक्त टावरको वडा अध्यक्ष होम प्रसाद पौडेल,डा सुमन कर्माचार्य र संस्थाका संयोजक कृष्णहरि बुढाथोकी समेतले सामूहिक रूपमा उद्धाटन गरे सँगै उक्त टावर बिहीबार बाट विधिवत् रूपमा सञ्चालनमा आएको हो ।

सिँचाइ डिभिजन कार्यालय मन्थली भन्दा मुनि मन्थली नगरपालिकाको कार्यालय झर्ने लक्ष्मी नारायण मन्दिर चोक देखिको करिब २ सय मिटर परको चक्रपथ घुम्तीमा निर्माण गरिएको उक्त टावर मन्थली बजारको अत्यन्त मनमोहक ठाउँमा रहेको छ । बजारमा परिक्रमा गर्दे गर्दा र विशेष गरी गर्मीको मौसममा बिहान बेलुकाको यात्रा पछि सुस्ताउँदै मनमोहक मन्थली फाँट,सुन्दर मन्थलीको एयरपोर्ट र लोभलाग्दो हिमशृङखलाको दृश्यावलोकन गर्न पाइने भएकोले पनि निर्मित टावरको छुट्टै महत्त्व रहने डा सुमन कर्माचार्यले बताउनु भयो ।

संस्थाका पदाधिकारी र दानवीर सदस्यहरूबाट उठेको १ लाख रुपैयाँको लागतमा निर्माण गरिएको उक्त फलामे टावरको निर्माण सँगै त्यसबाट स्थानीय र बाहिर पर्यटकहरू समेत सजिलै लाभान्वित हुने विश्वास संस्थाले लिएको छ । टावरको वरिपरि सर्वसाधारणलाई उभिएर दृश्यावलोकन गर्न र बस्नको लागि फलामे बेन्चीको पनि व्यवस्था रहेको संस्थाका अध्यक्ष विपीन भट्टराईले जानकारी दिनु भयो ।

टावरको निर्माण सँगै सृजनशीलले मन्थलीको सुन्दरतामा थप सहयोग पुऱ्याउनका लागि हाललाई मन्थली बजारको वाणिज्य बैङ्क चोक देखि प्रशासन कार्यालय जाने बाटो हुँदै उक्त बाटोको अन्त्य हुने ठाउँ लक्ष्मी नारायण चोक सम्मको चक्रपथलाई प्लास्टिक मुक्त सडक बनाउनका लागि एक दर्जन जति डोको राखेर पाल्ष्टीकमुक्त चक्रपथ बनाउन अभियान पनि चलाइरहेको छ । त्यस बाहेक संस्थाले आगामी दीनमा स्थानीय सरकार सँगको सहकार्य तथा बजार वासीहरू समेतको समन्वयमा उक्त सडकलाई हरित सडकको रूपमा विकास गर्ने फलफलु लगायत विभिन्न जातको बिरुवा रोप्ने तयारी गरिरहेको पनि संस्थाका संयोजक कृष्णहरि बुढाथोकीले सो बारेमा जानकारी दिनुभयो ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १३, २०८० साल कातिक १४ गते मंगलबार (Oct 31, 2023)

# १६ औँ गोदावरी मेलामा दुई दिनमा साढे एघार हजारले गरे अवलोकन

**काठमाडौँ –** 'रोपेर फूलगोदावरी, सजाऔँ घर आँगन वरिपरि'भन्ने नाराका साथ मंगलवारबाट ललितपुरको जावलाखेल खेल मैदानमा सुरु भएको गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनी दोस्रो दिन मेलामा अवलोकन कर्ताको घुइँचो बढेको छ ।

आयोजक फ्लोरिकल्चर एसोसिएसन नेपालका अनुसार पहिलो दिन मंगलबा ४ हजार २५ र दोस्रो दिन बुधवार ७ हजार २०० ले मेला अवलोकन



गरेका छन् । मेला कार्तिक १८ गते (शनिवार) सम्म चल्नेछ ।

पुष्प विकास केन्द्र सह आयोजक रहेको उक्त प्रदर्शनीमा कृषिपूर्वाधार विकास तथा कृषियान्त्रीकरण प्रवर्द्धन केन्द्रको सहयोग रहेको छ भने सेवा कोकोपिटले प्रयोजन गरेको छ । कृषिविकास बैंक बैंकिङ साझेदार रहको छ ।

पहिलो र दोस्रो दिन गरेर कुल ११ हजार ४५० जनाले मेला अवलोकन गरेको र करिब २९ लाख २५ बढीले मेला अवलोकन गरेको अध्यक्ष मीनबहादुर तामाङले बताए । विगतमा ४ दिने मेला हुने गरेकोमा यस वर्ष १ दिन थप गरी ५ दिने मेलाआयोजना हुने उनले जानकारी दिए ।

प्रदर्शनीमा व्यावसायिक स्टल ६१, प्रतियोगितात्मक स्टल २, फ्लावर सजावट स्टल २ र सूचनामूलक ५ लगायत गरी ७० वटा स्टल रहेका छन् ।

हाल नेपालमा ४८ जिल्लामा करीब २२१ हेक्टर क्षेत्रफलमा पुष्प व्यवसाय

# नेपाल लाइफद्वारा बिजनेस रिभ्यू मिट सम्पन्न



**काठमाडौँ–** जीवन बीमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले एक दिवसीय बिजनेस रिभ्यू मिट सम्पन्न भएको छ । "पराक्रमी गति आक्रामक नीति" नाराका साथ काठमाडौंमा आयोजित कार्यक्रममा चालु आर्थिक वर्षको पहिलो त्रैयमासको व्यापार समीक्षा गर्दै आर्थिक वर्ष २०८०//८१ को बाँकी समयावधिको लागि सेल्स रणनीतिको तर्जुमा गरिएको थियो ।

कम्पनीका वरिष्ठ संचालक कमलेश कुमार अग्रवालको प्रमुख आथित्यतामा सम्पन्न कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत प्रविण रमण पराजुली, नायव प्रमुख कार्यकारी अधिकृत अमित कुमार कयाल, नेशनल सेल्स हेड उमापति पोखरेल लगायत उच्च व्यवस्थापकहरु तथा प्रादेशिक प्रमुखहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा बोल्दै अग्रवालले देश आर्थिक मन्दीबाट गुज्रीरहेको समयमा पनि कम्पनीले गरेको व्यवसाय उत्साहप्रद रहेको र यसलाई मूर्तता प्रदान गर्न अहोरात्र लागेका सम्पूर्ण प्रगतिका सहयात्रिहरुलाई धन्यवाद ज्ञापन गरे ।

अहिलेको विषम परिस्थितिमा यस कम्पनीले जीवन बीमा बजारको २७ प्रतिशत बजार हिस्सा ओगटदै बजारको लिडरको रूपमा आफुलाई स्थापित गराउन योगदान पुर्याउनु हुने सबैको मुक्तकण्ठले प्रसंशा गरे ।

विभिन्न परिस्थितिबाट गुज्रिदै र त्यसबाट पाठ लिदै आजको अवस्थामा आएको यस कम्पनीले बीमा बजारलाई मार्गनिर्देश गर्न पनि भूमिका निर्वाह गर्नुपर्ने उनले जोड दिए ।

कार्यक्रमामा बोल्दै प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले कर्मचारी तथा अभिकर्ताहरुलाई चालु आ.ब. को पहिलो त्रैयमासको कार्यसम्पादनको लागि धन्यवाद र चालु आ.ब. को व्यापार लक्ष्य पुरा गर्न दत्तचित्त भई कार्य गर्न आह्वान गरे ।

कार्यक्रममा नेशनल सेल्स हेड, सेल्स सँग सम्बन्धित विभागीय प्रमुखहरु तथा प्रादेशिक प्रमुखहरुले आ-आफ्नो प्रतिवेदनहरु प्रस्तुत गरे । कम्पनीको उच्च व्यवस्थापनद्वारा दिईएको मार्गदर्शनलाई शिरोधार्य गर्दै सेल्स टिम दत्त चित्त भई जीवन बीमा बजारको बजारीकरण तथा बीमाको पहुँचलाई बढाई यस कम्पनीको लिगेसीलाई निरन्तरता प्रदान गर्न कुनै कसर बाँकि नराखी कार्यसम्पादन गर्न सम्पूर्ण नेपाल लाइफकर्मी तयार रहेको कुरा नेशनल सेल्स हेड उमापति पोखरेलले बताए ।

समापन मन्तव्य व्यक्त गर्दै कम्पनीका नायव प्रमुख कार्यकारी अधिकृत अमित कुमार कयालले हाल सम्मको उपलब्धिका लागि सबैलाई धन्यबाद ज्ञापन गरे । साथै जीवन बीमा बजारको हिस्सालाई थप बृहत बनाउनका निम्ति आग्रह गरे ।

# न्यू ब्राण्ड सेरेसको दोस्रो शोरुम अब ललितपुरको थासिखेलमा



**काठमाडौँ–** विद्युतीय सवारीको न्यु ब्रान्ड 'सेरेस' ले आफ्नो दोस्रो बिक्री केन्द्र (शोरुम) ललितपुरको थासिखेलमा सञ्चालनमा ल्याएको छ । सेरेस ईभीका लागि नेपालको आधिकारिक वितरक एमएडब्लू वृद्धिले बिहीबार एक समारोकाबीच नयाँ शोरुम उद्घाटन गरेको हो ।

ललितपुरको थासिखेलमा रहेको अत्याधुनिक सुविधा सम्पन्न शोरुमले आफ्नो सञ्जाललाई थप बलियो बनाएको कम्पनीको दाबी छ । कम्पनीले ललितपुरमा डिलरशिपका लागि सिल्भर मुन मोटर्स प्रालिसँग साझेदारी गरेको हो । शोरुमले ब्रान्डको पहुँचलाई थप वृद्धि गर्ने तथा उत्साही र सम्भावित ग्राहकहरूलाई रोमाञ्चक सेरेसईभीहरुको अन्वेषण गर्ने हबको रूपमा काम गर्ने बताएको छ ।

अग्रज उद्यमीहरू लगायत अन्य महत्त्वपूर्ण व्यक्तित्वहरूको उपस्थिति रहेको उद्घाटन समारोहमा एमएडब्लु ग्रुपका प्रबन्ध निर्देशक विष्णु अग्रवाल, सेरेसका कन्ट्री म्यानेजर फोर्ड हु, सिल्भर मुन मोटर्सका अध्यक्ष विष्णु भण्डारीले र निर्देशक यशोदा लक्ष्मी आचार्यले आ-आफ्नो धारणा राख्दै नेपाली अटो जगतमा सेरेस ईभीले नयाँ विकल्प थपेको बताएका छन् ।

सेरेसले सन् २०२३ मा विश्वको सबैभन्दा द्रुत विकास हुँदै गरेको अटोमोबाइल ब्रान्डहरूमध्ये एकको रूपमा मान्यता प्राप्त चिनियाँ कम्पनी हो । जसले विद्युतीय सवारी साधनहरूमा गुणस्तर र नवीनताप्रति आफ्नो प्रतिबद्धता देखाएको कम्पनीको दाबी छ । हुवाएसँगको साझेदारीले उन्नत

# महालक्ष्मी विकास बैंकद्वारा आर्किड गार्डेनलाई आर्थिक सहयोग




**काठमाडौँ–** महालक्ष्मी विकास बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत पिछडिएका बालबालिकाहरुको अधिकार, कल्याण र स्वास्थ्य सुरक्षित गर्ने मुख्य उद्देश्यले स्थापित आर्किड गार्डेन नेपाल परियोजनालाई आर्थिक सहयोग प्रदान गरिएको छ । राउण्ड टेबल नेपालसँग समन्वय गरी सो आर्थिक सहयोग गरिएको हो ।

विगत १७ बर्ष देखि पिछडिएका बालबालिकाहरुलाई दिवा स्याहार तथा शिक्षा प्रदान गरिरहेको बाल विद्यालयको हालको अवस्था अत्यन्त नाजुक रहेकोले विद्यालयको अवस्था सुधार गरी बालबालिकाको पठनपाठनमा सहजता पुऱ्याउने उद्देश्यले बैंकले रु. ५०,००० को आर्थिक सहयोग गरेको हो । विद्यालय ग्राउन्ड सतह भन्दा करिब ४ फिट तल रहेको, बर्षायाममा कक्षा कोठामा बाढी पस्ने कारणले विद्यालय बन्द गर्नुपर्ने र सरकारी प्राधिकरणबाट विद्यालय सुधारका लागि सूचना समेत आइसकेकोले आर्किड गार्डेन नेपाल परियोजना अन्तर्गत रहि विद्यालय सुधार गर्न लागिएको हो । ६ महिनादेखि ९ वर्षसम्मका १५० जना बालबालिकाहरुलाई दिवा स्याहार सेवा तथा शिक्षा प्रदान गरिरहेको विद्यालयले सुधार पश्चात करिब २०० जना बालबालिकालाई सेवा प्रदान गर्ने सामर्थ्य राख्ने जनाइएको छ ।

आगामी दिनहरुमा पनि संस्थागत सामाजिक उत्तरदायित्वका कार्यहरुलाई थप प्रभावकारी रुपमा निरन्तरता दिने कुरा बैंकले जनाएको छ ।

# शिवम् सिमेन्टका अग्रवाल नयाँ दिल्लीमा सम्मानित

**काठमाडौँ–** शिवम् सिमेन्टका भि.पि. (सेल्स एण्ड मार्केटिङ) निखिल अग्रवाल सम्मानित भएका छन् । ब्राण्डम्यान इन्डिया पीआर एण्ड प्रोमोसनद्वारा नयाँ दिल्लीमा आयोजित अवार्ड कार्यक्रममा उनी श्री माहात्मा गान्धी राष्ट्रिय अभिमान पुरस्कार-२०२३ बाट उनी सम्मानित भएका हुन् । अग्रवाल शिवम् सिमेन्टको स्थापनाकाल देखिनै निरन्तर कार्यरत छन् ।

ब्राण्डम्यान इन्डियाले हरेक वर्ष अन्तर्राष्ट्रिय स्तरमा अवार्ड कार्यक्रम गर्दै आईरहेको छ । यसकोको प्रमुख लक्ष्य भनेको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका औद्योगिक क्षेत्रहरुलाई प्रोत्साहन गर्ने, अन्तर्राष्ट्रिय स्तरमा प्रवर्धन गर्ने, विभिन्न उद्योगहरुमा नेतृत्व गर्ने कर्मचारी तथा व्यवस्थापक छनौट गरी पुरस्कार वितरण गर्ने तथा अन्तर्राष्ट्रिय प्रतिनिधीहरु संग समन्वय गराई व्यापार विस्तारको अवसर प्रदान गर्ने जस्ता कार्यहरु गर्दै आइरहेको छ ।

# अर्थ संसार

## पढ्न विदेशिने युवाहरूलाई ज्ञान र सिप लिएर फर्कने सन्देशका साथ नबिल



**काठमाडौँ–** युवाहरुको वैदेशिक आकर्षण चाहे त्यो शैक्षिक छात्रवृत्तिमा होस् या वैदेशिक रोजगारीका लागि होस्, यो बढ्दो क्रममा छ । पढ्न गएका सन्तान नेपाल फर्कदैनन् कि भन्ने अभिभावकको मनस्थिति अहिले देखिन थालेको छ । छोराछोरी विदेश भएका सम्पूर्ण आमाबुवाको मर्म समेटेर नबिल बैंक लिमिटेडले एउटा सन्देशमूलक दशैं भिडियो सार्वजनिक गरेको छ ।

विभिन्न समय परिस्थितिअनुसार देखिएको समस्यालाई सामना गर्ने गरी अभिप्रेरित गर्न र समाजिक भावना दर्साउनका लागि भिडियो सामाग्री पस्कँदै आएको नबिल बैंकले बडादशैंको पूर्वसन्ध्यामा यो भिडियो सार्वजनिक गरेको हो । यस भिडियो मार्फत् छात्रवृत्तिमा जानु वा वैदेशिक अध्ययनमा जानुको अर्थ विदेश पलायन भएको होइन भन्ने सन्देश समाज र अभिभावकलाई दिन खोजिएको छ ।

यस भिडियोमार्फत् उच्च शिक्षा पश्चात् आफ्ना सन्तानहरू घर फर्किन्छन् र आफूले सिकेको ज्ञान र सीप प्रयोग गरेर यही देशको माटोमै केही गर्न प्रयास गर्नेछन् भन्ने आमाबुवाको आशालाई दर्साउन खोजिएको छ । साथै भिडियोले वैदेशिक अध्ययनको छात्रवृत्ति निस्कँदा अभिभावकमा आउने खुसी, समाजले गर्ने आशंका र सन्तानले बुझेको बुवाआमाको भावना पनि देखाउन खोजिएको छ ।

नेपालको अग्रणी बैंकका रूपमा स्थापित नबिल बैंकले युवालाई केन्द्रित गर्दै विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन गरेको छ । शैक्षिक कर्जा, युवा उद्यमी कर्जा लगायतका कार्यक्रमका साथमा बैंकले नबिल सामाजिक उद्यमशीलता अन्तर्गत नबिल एसएसई फेलोसिप तथा सर्टिफिकेट कार्यक्रमहरु पनि सञ्चालन गर्दै आएको छ ।

देशभरका २६६ शाखा र ३१० एटिएमबाट १८ लाख बढी ग्राहकलाई सेवा प्रदान गर्दै आएको नबिल, नेपालको बैंकिङ इतिहासमा नवीनतम सेवाको सुरुवात गर्ने बैंकको रूपमा परिचित छ ।

## नेशनल लाईफले गऱ्यो भूकम्पबाट क्षतिग्रस्त विद्यालयलाई आर्थिक सहयोग



**काठमाडौँ–** नेशनल लाईफ इन्स्योरेन्स कम्पनीले गत असोज १६ गते आएको भूकम्पबाट क्षतिग्रस्त बझाङको जयपृथ्वी नगरपालिका ४ स्थित श्री बाल विकास माध्यमिक विद्यालयको पुस्तकालय पुनर्निर्माणका लागि आर्थिक सहयोग प्रदान गरेको छ ।

बाल विकास माध्यमिक विद्यालयको प्राङ्गणमा सम्पन्न एक कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीले सो विद्यालयका प्रधानाध्यापकलाई आर्थिक सहयोग हस्तान्तरण गरेका हुन् ।

सहयोग हस्तान्तरण गर्दै प्रमुख कार्यकारी अधिकृत खत्रीले कम्पनीको सामाजिक उत्तरदायित्व अन्तर्गत विद्यालयलाई सहयोग गर्न पाउँदा आफूलाई खुसी लागेको बताउँदै उक्त सहयोगबाट पुस्तकालय पुनर्निर्माणमा राहत मिल्ने धारण व्यक्त गरे ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गगनबहादुर खातीको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा, विद्यालयका प्रधानाध्यापक केशर बहादुर खातीले शिक्षाका लागि कम्पनीले यस विद्यालयमा गरेको आर्थिक सहयोगबाट पुस्तकालय पुनर्निर्माण गरिने जानकारी दिँदै आर्थिक सहयोग प्रदान गरेकोमा कम्पनीलाई धन्यवाद ज्ञापन गरे ।

## ग्लोबल आइएमई बैंकले ल्यायो डिजिटल दक्षिणा योजना

**काठमाडौँ–** ग्लोबल आइएमई बैंकले डिजिटल बैंकिङ सेवालाई प्रवर्द्धन गर्न आफ्ना ग्राहकहरूलाई ग्लोबल स्मार्ट प्लस मार्फत हुने कारोबारमा क्यासब्याक दिने योजना सार्वजनिक गरेको छ ।

बैंकको ग्लोबल स्मार्ट प्लस एप प्रयोगकर्ताहरूले विजया दशमी २०८० को टिकाको दिन आफ्ना प्रियजनलाई दक्षिणाको रूपमा पैसा पठाउँदा १० प्रतिशत (रु. १०० सम्म) बैंकको आफ्ना ग्राहकहरूलाई दक्षिणा स्वरूप तुरुन्तै क्यासब्याक पाउनेछन् । ग्राहकहरूले पैसा पठाउँदा प्रोमोकोड "म्बप्क्ज्क्ष्ल्ब" लेखी पैसा ट्रान्सफर गर्नुपर्नेछ ।

ग्लोबल आइएमइ बैंकको ग्लोबल स्मार्ट एप प्रयोगकर्ता ग्राहकहरूले २०८० कार्तिक ७ गते विजया दशमीको दिन बिहान ११ बजे देखि दिउँसो २ बजेसम्म बैंकको दक्षिणा पाउनेछन् । आफ्नाको सुविधालाई मध्यनजर गरी समय सापेक्ष रूपमा बैंकले यस्ता योजनाहरू ल्याएर ग्राहकहरूलाई लाभान्वित गर्दै आएको छ ।

# नेपालीहरुको दशैको मुखमा के के भईहरेको छ ?

खाद्यन्नको मुल्य बढेको छ । चीनीको अभाव छ । मैदाको मुल्य बढेको छ । आम्दानी कतै बढेको छैन । सरकार सव ठिकठाक छ । सरकारलाई कतै समस्या नै छैन । उसले दशै भत्ता पाईसकेको छ । खरिद गर्नुपर्ने सामान खरिद गरिसकेकै छ । जनता लाईन बसुन कि कराउन बाहाल मतलव ! विदेश घुम्न पाएकै छ । पिलेनको भाडा बढोस कि गाडीको भाडा बढोस बाहाल मतलव । तेल आयल आयल निगमले दिएकै छ । हा हा हा हासेर सरकार सिहं दरवारमा विरालो जसरी बसेकै छ । वरीपरी मुसाहरु रमिते भएकै छन् ।

जनता गाडी नपाएर घर जान पाउन कि नपाउन, पैशा नभएर दशैको वेलामा खाना पाउन कि नपाउन, घर खाली भएर शहरका घरवेटीले बैकको किस्त तिरुन कि नतिरुण, कम्पनी रजिष्टार कार्यलयमा दर्ता भएर वा घरेलु, बाणिज्य, वडा जहा भएपनि फर्म खोलेर काम गर्दै आएका कम्पनी चलुन कि चलुन सरकारलाई बाहाल मतलव ! राजश्व उठेकै छ । कारवाही हानेकै छ ।

मजदुरले तलव पाउन कि नपाउन, पत्रकारले दशैमा तलव पाउन कि नपाउन भोकै बसुन कि रोएर बसुन सरकारलाई बाहाल मतलव गोरखापत्र, रेडियो नेपाल, नेपाल टेलिभिजनले सरकारको गुनगान गाएकै छ ।

सामन्तको विरोध गरेर लोकतन्त्र गणतन्त्र ल्याएको त नयाँ तरिकाले अर्को जाहानिया तानाशाही देखाउन ल्उयाएको पो होत । काहा जनताको कुरा सुनेर बस्ने ? विदेशले बनाएको भोजमा सहभागी हुनुपो महानता हो ?

जनताले सुविधा पाए गरिव जनता धनि हुन्छन् धनि भएपनि विरोध, अवरोध, लडाई झगडा, युद्ध हुदैन । अनि विदेशी हतियार कस्ले किन्ने दाजुलाई भाईलाई मार्न भएपनि जनतालाई गरिव बनाई राख्नु परेन । सरकारको विदेशीसँग यस्तो कुरा हुन्छ रे । सरकारको कुरा यसरी हुदैछ । जनताको जीवन रोएर वित्दैछ । जय नेपाल, लाल सलाम, अभिवादन, देशमा नमस्कार कस्ले गरिरहनछ र ? २०८० सालको दशै यस्तै यस्तै भईरहेको छ ।

## दशैंको लागि तीन दिनमा एक लाख ५० हजार यात्रु उपत्यकाबाट बाहिरिए



काठमाडौं- नेपालीहरुको महान् पर्व दसैं मनाउनका लागि तीन दिनमा एक लाख ५० हजार यात्रुले उपत्यकाबाट बाहिरिएका छन् । घटस्थापनादेखि नै अधिकांश विद्यालय, कलेज र सङ्घ संस्था बन्द भएपछि दसैं मनाउनका लागि यात्रु जन्मघर जान थालेका हुन् ।


काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले पछिल्लो तीन दिनमा एक लाख ५० हजार तीन सय नौ यात्रु उपत्यकाबाट बाहिरिएको जानकारी दिए । उनका अनुसार असोज २७ बिहान ६ बजेसम्म ४७ हजार छ सय ४३, असोज २८ गते बिहान ६ बजेसम्म ५१ हजार दुई सय ७९ र आज बिहान ६ बजेसम्म ५१ हजार तीन सय ८७ यात्रु बाहिरिएका छन् ।

ट्राफिकले अघिल्लो दिन बिहान ६ बजेदेखि भोलिपल्ट ६ बजेसम्मको रेकर्ड राख्दै आएको छ । ट्राफिक प्रहरीले उपत्यका बाहिरिने यात्रुको सहजताका लागि काठमाडौं उपत्यकाभित्रका १५ स्थानमा यात्रु सहायता कक्ष सञ्चालन गरेको छ । चाडपर्वको यातायात सहजताका लागि ट्राफिक प्रहरीले काठमाडौं उपत्यकाभित्र एक हजार आठ सय जनशक्ति परिचालन गरेको प्रवक्ता भट्टले बताए ।

काठमाडौँको गोँगबुस्थित नयाँ बसपार्कमासमेत घर जाने यात्रुको भीड लागेको छ । नयाँ बसपार्क सञ्चालन गरेको लोत्से बहुउदेश्यीय प्रालिका प्रवक्ता पङ्कज मल्लले हाल दैनिक २५ हजारभन्दा बढी यात्रु नयाँ बसपार्कबाट बाहिरिन थालेको बताए । “लामो तथा मध्यम दूरीका सवारीसाधनमा अत्याधिक भीड लागेको छ, हामीले अहिले नयाँबसपार्कबाट बस छुट्ने समयसमेत अन्य समयको भन्दा अगाडि सारेका छौँ,” उनले भने । दसैंका लागि हालसम्म ७० हजार यात्रुले अग्रिम टिकट काटिसकेको लोत्से बहुउदेश्यीय प्रालिका महाप्रबन्धक सुनिल कुँवरले जानकारी दिए ।

सरकारले दसैंको यातायात व्यवस्थापनलाई सहज बनाउनका लागि असोज २६ गते देशैभरका सार्वजनिक सवारी साधनमा रुट परमिटसमेत खुला गरिसकेको छ ।

## बागमती प्रदेश : दसैंको अवधिमा १७ जनाको मृत्यु



**मकवानपुर–** चाडपर्वको समयमा बागमती प्रदेशका १० जिल्लामा भएका विभिन्न घटनामा परेर १७ जनाले ज्यान गुमाएका छन् । प्रदेशको १३ जिल्ला मध्ये काठमाडौं उपत्यका बाहेक १० जिल्ला क्षेत्राधिकार रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार प्रदेशका विभिन्न जिल्लामा भएको घटनामा १७ जनाको मृत्यु भएको छ ।

दसैंको अवधिमा भएका दुर्घटनामा परेर प्रदेशका ३ जिल्लामा ६ जनाको मृत्यु भएको छ भने अन्य घटनामा ११ गरी १७ जनाको मृत्यु भएको छ । प्रदेशको मकवानपुर, चितवन र नुवाकोटमा भएका सवारी दुर्घटनामा परेर ६ जनाको मृत्यु भएको छ । उक्त अवधिमा प्रदेशका ३ जिल्लामा ६ वटा सवारी दुर्घटना भएका छन् । जसमध्ये मकवानपुरका ४, चितवन र नुवाकोटमा १/१ वटा सवारी दुर्घटना भएको थियो ।

गत कात्तिक ३ देखि ११ गतेसम्मको अवधिमा प्रदेशको मकवानपुर, धादिङ, सिन्धुपाल्चोक, नुवाकोट, चितवन र काभ्रेमा भएका विभिन्न घटनामा परेर ११ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रवक्ता दीपक रेग्मीले जानकारी दिए । उनका अनुसार सो अवधिमा चितवनमा ४, धादिङमा २, नुवाकोटमा २, सिन्धुपाल्चोक, काभ्रे र मकवानपुरका १/१ वटा घटनामा ११ जनाको मृत्यु भएको हो ।

मकवानपुरको भीमफेदी गाउँपालिकामा एक वृद्धको भीरबाट लडेर मृत्यु भएको छ । गत आइतबार दिउँसो २:४५ बजेको समयमा भीमफेदी गाउँपालिका-३, बेसारघारीका ७० वर्षीय गणेश बहादुर स्याङ्तानको भीरबाट लडेर मृत्यु भएको हो । घर नजिकै घाँस काट्न गएका स्याङ्तान भीरबाट लडेर मृत्यु भएको थियो ।

धादिङ जिल्लाको गजुरी गाउँपालिका-६ राम्चेमा एकजना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा धादिङ सिद्धलेख गाउँपालिका-७ भैसे घर भई हाल गजुरी गाउँपालिका-६ राम्चे बस्ने ३२ वर्षीया रिता भुजेल रहेको प्रहरीले जानकारी दिएको छ । गत कात्तिक ८ गते बुधबार बिहान १० बजे खाना खाएर सुतेकोमा दिउँसो ४:४५ बजेको समयमा सुतेकै अवस्थामा मृत फेला परेकी थिइन् ।

यस्तै, धादिङको गल्छी गाउँपालिका-४, चरौदीस्थित त्रिशुली नदीमा एकजना महिलाको शव फेला परेको छ । गत ११ गते शनिबार दिउँसो २:४० बजेको समयमा ४० वर्षीया महिलाको शव फेला परेको थियो । खोला तर्न प्रयोग गरिएको तुइनको तारमा अड्किएको अवस्थामा ती महिलाको शव फेला परेको थियो । उनको हालसम्म सनाखत हुन सकेको छैन ।

सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका-१२ पौवास्थित भित्री सडकखण्डको नालिमा एक जना पुरुष मृत फेला परेका थिए । गत ८ गते बुधबार इन्द्रवती गाउँपालिका-७ पोखरेका ३३ वर्षीय सागर वि.क मृत पेला परेका थिए । गत मंगलबार दिउँसो २ बजेको समयमा काठमाडौँबाट सिन्धुपाल्चोक हिँडेको वि.क उक्त स्थानमा मृत भेटिएको प्रहरीको अनुसन्धानमा खुलेको छ ।

नुवाकोटको बिदुर नगरपालिका-५ पिपलटारमा एक पुरुषको शव फेला परेको थियो । प्रहरीका अनुसार धादिङको ज्वालामुखी गाउँपालिका-१ घर भई हाल बिदुर नगरपालिका-५ मा लेबर काम गर्ने ५० वर्षीय सुका काजी कुमाल गत बुधबार आफ्नै डेरामा मृत अवस्थामा फेला परेका थिए । जन्डिसको बिरामी रहेका कुमाल मादकपदार्थ सेवन गर्ने गरेको प्रहरी अनुसन्धानमा खुल्न आएको जनाइएको छ ।

नुवाकोटका खोला तर्ने क्रममा पानीमा डुबेर एक वृद्धको मृत्यु भएको छ । नुवाकोटको लिखु गाउँपालिका-३ ढाडफेदीमा खोला तर्ने क्रममा चिप्लेर लड्दा गत कात्तिक ६ गते बिहान ११:४५ बजेको समयमा ७५ वर्षीय बुद्धवीर तामाङको मृत्यु भएको हो ।

चितवनमा खोलाले बगाउँदा एक जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालयले जनाएको छ । कार्यालयको तथ्याङ्क अनुसार चितवनको भरतपुर महानगरपालिका-२२, बोटे टोलस्थित राप्ती खोलाले बगाउँदा स्थानीय राजन बोटेको मृत्यु भएको हो । गत ९ गते बिहान १०:३० बजेको समयमा राप्ती खोलामा नुहाउने क्रममा बोटेलाई बगाएको थियो । खोलाले बगाएर बेपत्ता भएका बोटेको शव घटनास्थलबाट १५ मिटर तल फेला परेका थियो ।

# खेलकुद

## यूएईमाथि नेपालको ५ विकेटको जित



**काठमाडौं–** काठमाडौंमा जारी त्रिकोणात्मक टी-२० शृङ्खलामा नेपालले यूएईलाई ५ विकेटले पराजित गरेको छ ।

यूएईले दिएको १६५ रनको लक्ष्य नेपालले पाँच विकेट गुमाएर १९.२ ओभरमा भेटाएको हो ।

नेपालका लागि आशिफ शेखले २ छक्का र ६ चौका मद्दतमा ६२ रनको योगदान गरे । कप्तान रोहित पौडेल ४७ रनमा आउट भए । दीपेन्द्रसिंह ऐरी १५ बलमै एक छक्का र ६ चौका प्रहार गर्दै ४० रनमा अविजित रहे ।

आजको खेलमा आशिफबाहेक पहिलो क्रमका ब्याट्सम्यान भने चलेनन् । कुशल भुर्तेल एक, सोमपाल कामी दुई र कुशल मल्ल शून्य रनमै आउट भए ।

यूएईका मोहम्मद जवादुल्लाहले २, अकिफ राजा र जहूर खानले एक/एक विकेट लिए ।

यसअघि टस हारेर पहिले ब्याटिङ गरेको यूएईले ७ विकेट गुमाएर १६४ रन बनाएको थियो ।

यूएईका लागि वृत्य अरविन्द र बासिल हमीदले समान ४५ /४५ रन बनाए । यस्तै आसिफ खान १८, खालिद शाह १२, अलिशान शराफु ९, अल नासिर ९ र मोहम्मद वासिम ८ रन बनाएर आउट भए । निलान्स केश्वानी ८ र अकिफ राजा ५ रनमा अविजित रहे ।


नेपालका सोमपाल कामी र अविनाश बोहोराले २/२ विकेट लिए भने करण केसी र गुल्शन झाले एक/एक विकेट लिए ।

यस शृङ्खलामा नेपाल यो खेलअघि नै फाइनलमा प्रवेश गरिसकेको थियो । हङकङसमेत सम्मिलित शृङखलामा नेपालले सतप्रतिशत जितसहित फाइनलसम्मको यात्रा तय गरेको हो ।

## विश्व कम्ब्याट गेम्समा विजयलाई कीर्तिमानी स्वर्ण

काठमाडौं- विजय सिन्जालीले विश्व कम्ब्याट गेम्समा कीर्तिमानी स्वर्ण जितेका छन् ।

१३औं दक्षिण एसियाली खेलकुदका स्वर्ण विजेता उनले पुरुष छाङछ्वानमा ९.७२ अंक जोड्दै स्वर्ण जितेका हुन् ।



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष -१६, अंक- १३, २०८० साल कातिक १४ गते मंगलबार (Oct 31, 2023)

राष्ट्रपति मुइज्जु...

पृष्ठ १ बाट जारी

किनकि भारतसँग निकटता बढाएका सोलिहले 'भारत पहिला'को नीति अख्तियार गरेका थिए । उनको रणनीतिले माल्दिभ्सको सुरक्षा र सार्वभौमसत्ता खतरामा परेको नारासहित मुइज्जु चुनावी मैदानमा उत्रिएका थिए ।

मुइज्जु र उनलाई समर्थन गर्ने गठबन्धन चीनसँग घनिष्ट सम्बन्धमा रहेको छ। माल्दिभ्समा पूर्वाधार र विकास परियोजनाका लागि चीनले ठूलो पैमानामा ऋण र अनुदानको रूपमा करोडौं डलर लगानी गर्दै आएको छ ।

बीबीसीका अनुसार हिन्द महासागरको ठूलो भागको निगरानीका लागि रणनीतिक रूपमा महत्त्वपूर्ण रहेको माल्दिभ्समा भारत पनि पकड बलियो बनाउन चाहन्छ र यही रणनीति अन्तर्गत भारतले पनि माल्दिभ्सको विकासका लागि करिब दुई अर्ब डलर लगानी गरेको छ ।

नयाँ राष्ट्रपतिले माल्दिभ्सबाट भारतीय सेना हटाउनु भारतको लागि निकै प्रतिकूल रहनेछ । भारतले माल्दिभ्सलाई सन् २०१० र २०१३ मा दुईवटा हेलिकप्टर र २०२० मा एउटा सानो विमान उपहार दिएपछि त्यसलाई लिएर विवाद सिर्जना भएको थियो । पछिल्लो चुनावमा 'इन्डिया आउट'को नारा दिने माल्दिभ्सको चुनावी गठबन्धनले त्यसको फाइदा उठाएको थियो ।

भारतले ती विमानहरूलाई राहत र उद्धार एवं चिकित्सा क्षेत्रमा आपतकालीन काममा प्रयोग गर्ने बताएको थियो। तर सन् २०२१ मा माल्दिभ्सको सुरक्षा बलले यी हेलिकप्टर र विमान सञ्चालन गर्न माल्दिभ्समा करिब ७५ भारतीय सैनिक रहेको बताएको थियो ।

यो पनि पढ्नुहोस

माल्दिभ्सको चुनावमा भारत र चीनको छद्म लडाइँ

यो सूचना बाहिरिएसँगै माल्दिभ्समा तरङ्ग पैदा भएको थियो भने राष्ट्रवादी भावना बलियो बनेको थियो । यी भारतीय सेनाको उपस्थितिले खासगरी भारत र चीनको सीमामा केही तनाव बढ्दा माल्दिभ्सको सुरक्षालाई खतरामा पार्न सक्छ भन्ने मुइज्जुको भनाइ रहँदै आएको छ । 'माल्दिभ्स यस विश्वव्यापी शक्ति संघर्षमा फस्न निकै सानो छ' उनले बीबीसीसँग भने, 'हामी यसमा संलग्न हुने छैनौं।'

निवर्तमान राष्ट्रपति इब्राहिम सोलिह भने भारतीय सेनाको उपस्थितिबारे आशंकालाई बढाइचढाइ गरिएको उल्लेख गर्दै यसलाई अस्वीकार गर्दै आएका छन् । 'अहिले माल्दिभ्समा कुनै विदेशी सैनिक तैनाथ गरिएको छैन' उनले भनेका थिए, 'यहाँ उपस्थित भारतीय सैनिकहरू माल्दिभ्स राष्ट्रिय रक्षा बलको कमाण्डमा काम गर्छन्।'

नवनिर्वाचित राष्ट्रपति मुइज्जु भने यो विवादलाई पछिल्लो समय भारतसँग भएका सम्झौतासँग पनि जोड्न चाहन्छन् र उनी ती सम्झौताहरूको पुनरावलोकन चाहन्छन् ।

'यी सम्झौतामा के छ हामीलाई थाहा छैन । संसदमा समेत केही सांसदले बहसका क्रममा आफूलाई के छ थाहा नभएको बताएका थिए । म पत्ता लगाउन जारी राख्छु,' उनले भने ।

मालीका लागि चिनियाँ राजदूतले मुइज्जुलाई उनको विजय पछि बधाई दिएका थिए। चिनियाँ राष्ट्रपति सी चिनफिङले पनि भनेका थिए, 'हामी द्विपक्षीय सम्बन्धको विकासलाई ठूलो महत्त्व दिन्छौं र हाम्रो परम्परागत मित्रतालाई अझ अगाडि बढाउन र व्यावहारिक सहयोगलाई अझ प्रगाढ बनाउन राष्ट्रपति मुइज्जुसँग मिलेर काम गर्न इच्छुक छौं।'

मुइज्जुले माल्दिभ्समा चीनको विकास कार्यक्रमको खुलेर प्रशंसा गर्दै यो लगानीले माले सहरको रुपान्तरण भएको र यहाँका जनतालाई फाइदा पुगेको बताए ।

तर, उनले आफूलाई 'चीन समर्थक' उम्मेदवार भनिन अस्वीकार गर्दै आएका छन् । उनले भने, 'म माल्दिभ्स समर्थक हुँ । मेरो लागि, माल्दिभ्स पहिलो आउँछ। हाम्रो स्वतन्त्रता पहिले आउँछ। म न कसैको पक्षमा छु न कसैको विरुद्धमा ।'

यद्यपि उनको दाबीका बाबजुद पनि उनको गठबन्धनमा पूर्व राष्ट्रपति अब्दुल्ला यामिनको पार्टी पनि समावेश छ जसले माल्दिभ्सलाई चीनसँग नजिक ल्याउन महत्वपूर्ण भूमिका खेलेको थियो।

मानवअधिकार उल्लङ्घनको आरोपका कारण भारत र पश्चिमी देशहरूले यामिन सरकारलाई ऋण दिन नचाहेपछि उनी चीन गएका थिए। चीनले उनीहरुलाई विना शर्त पैसा दिएको थियो । यामिन अहिले भ्रष्टाचारको आरोपमा ११ वर्षको जेल सजाय काटिरहेका छन् ।

त्यसपछि उनी राष्ट्रपति सी जिनपिङको बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) मा सामेल भए। यस परियोजनाको उद्देश्य चीनलाई सडक, रेल र जलमार्गबाट बाँकी विश्वसँग जोड्ने हो ।

यामिनलाई चुनाव लड्न प्रतिबन्ध लगाइएको अवस्थामा मुइज्जुलाई यामिनको निकटस्थको रूपमा हेरिएको थियो ।

चुनाव जितेको केही दिनपछि मुइज्जुले सरकारलाई यामिनलाई उच्च सुरक्षाको जेलबाट घरमै नजरबन्दमा सार्न आग्रह गरेका थिए ।

तर भारतसँग यामीनको तनावपूर्ण र असहज सम्बन्धका कारण मुइज्जुका लागि भारतसँग सन्तुलित सम्बन्ध कायम राख्नु पनि चुनौती हुन सक्छ ।

शल्यक्रिया ठप्प...

पृष्ठ १ बाट जारी

अवरुद्ध भएको स्थानीयको गुनासो छ ।

उपकरण भएपनि चिकित्सक नहुँदा सास्ती खेप्नुपरेको उनीहरु बताउँछन् । जिल्ला समन्वय समिति, मुस्ताङका उपप्रमुख आइतेलाल थकालीले चिकित्सक ल्याउन पहल भइरहेको जानकारी दिए ।

'डाक्टर नहुँदा सेवा रोकिएको छ । हामीले कोसिश गरिराखेका छौं । तर, सकेका छैनौं । दुर्गम ठाउँमा दक्ष चिकित्सक नहुँदा बिरामीले धेरै खर्च गरेर उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यता छ', उनले भने ।

यता, अस्पतालका डार्क रुम अधिकृत भोजराज रेग्मीले बिरामीलाई रिफर गर्नुबाहेकको विकल्प नभएको बताए । उनी भन्छन्,'बिरामीलाई सेवा दिन मन हुन्छ तर विशेषज्ञ नै छैनन् । त्यसैले बाहिर रिफर गर्नुपर्छ ।'

## हार्दिक शुभकामना

**नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०८० को अवसर सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।**

रामचन्द्र बस्नेत
गोकुलगंगा गाउँपालिका
४ नं. वडा अध्यक्ष

## रामेछापमा लोप हुदै पिङ हाल्ने परम्परा



दसैँ-तिहारका बेलामा पिङ हाल्ने परम्परा कही वर्षअघिदेखि रामेछाप जिल्लामा लोप हुँदै जान थालेको छ । गाउँदेखि ठूला सहरबजारमा दसैँ आउन केही समयअघिदेखि पिङमा रमाउने यो मौलिक परम्परा अहिलेका युवापुस्ताको बेवास्ताका कारण लोप हुन थालेको हो ।

विगतमा जिल्लाका विभिन्न गाउँ, टोल, सहरबजारमा दर्जनौं रोटे, जाँते र लिङ्गे पिङमा बालबच्चादेखि युवायुवतीको भीड हुने गर्दथ्यो । विस्तारै समाजमा विदेशी संस्कृतिको प्रभावका साथै आधुनिक सूचना प्रविधिको विकासले गर्दा मोवाइल, ल्यापटप, र टेलिभिजनमै युवायुवती र बालबच्चासमेत रम्न थालेकाले पिङलगायत परम्परागत कला र संस्कृतिमा ह्रास हुन थालेको हो ।

गाउँ होस् या सहर युवायुवतीले यस्तो परम्परागत संस्कृतिको पिङ खेल्न चासो दिनुपर्ने यहाँका बुढापाकाको भनाई छ । परम्परागत संस्कृतिसँग जोडिएका यस्ता प्रचलनलाई जोगाउन युवा पुस्तासँगै स्थानीय सरकारले पनि चासो दिनु आवश्यक छ ।

## सामाजिक तथा धार्मिक सद्भाव कायम राखौं।

- सामाजिक सद्भावमा आँच आउने वा अन्य पक्षलाई भड्काउने कार्य नगरौं,
- धार्मिक आस्था, विश्वास र संस्कृतिमाथि अनुचित प्रहार एवं धार्मिक विद्वेष फैलाउने नगरौं,
- सामाजिक मर्यादा विपरितका कार्य गर्न उक्साउने वा प्रोत्साहन गर्ने जस्ता कार्य नगरौं
- सामाजिक सद्भाव कायम गरौं, निजी तथा सार्वजनिक जीवनमा असर पार्ने गलत कार्य नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## गोदावरी फूलहरू..

तिहार नजिकिँदै गर्दा रामेछापमा सयपत्री, मखमली र गोदावरी फूल ढकमक्क फुल्न थालेका छन् । तिहारमा विशेष गरेर सयपत्री, मखमली र गोदावरी फूलको प्रयोग प्रयोग बढी हुन्छ ।

रामेछाप नगरपालिका ७ का गणेश बस्नेतको घर वरि परी ढकमक्क फूलहरू फूलेका छन । तिहारका लागी रोपिएको धेरै फूलहरू आईलाएर गाईवस्तुलाई हाल्नुपरेको उहाँले बताउनुभयो । "तिहारका लागी भनेर धेरै फूलहरू रोपियो तर छिटटै फूलेपछि तिहारसम्म जोगाउनै नसकिएला जस्तो छ ।"उहाँले भन्नुभयो ।

# अन्तराष्ट्रिय समाचार

## इजरायलमा थप केयरगिभर माग, युद्धको अवस्था सामान्य बनेपछि प्रक्रिया अघि बढ्ने

**काठमाडौँ–** इजरायलले थप नेपाली केयरगिभर माग गरेको छ । नर्सिङ सेन्टरहरूमा काम गर्नको लागि इजरायलले थप १ हजार ३०० केयरगिभर माग गरेको हो ।



हाल इजरायल र गाजाबीच युद्धको अवस्था छ। जसले गर्दा उक्त प्रक्रिया अगाडि बढ्न सकेको छैन ।

यदि युद्ध नभएको खण्डमा अहिले आवेदन प्रक्रिया अगाडि बढिसकेको हुने थियो । तर, हाल इजरायल युद्धको अवस्थामा रहेकाले तत्काल प्रक्रिया अगाडि बढाउन नसकिएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका सह-सचिव राजीव पोखरेलले युद्धको अवस्था सामान्य भएसँगै छनौटको प्रक्रिया अगाडि बढाइने बताए ।

'अहिले इजरायल र गाजाबीच युद्ध चर्किरहेकाले यो विषय पेण्डिङमा छ । नत्र केही दिनभित्रमा नै केयरगिभरको लागि सूचना आह्वान गरेर आवेदन प्रक्रिया अघि बढ्ने थियो । अब दुई देशबिचको वातावरण शान्त भएपछि प्रक्रिया अगाडि बढ्छ,' सह-सचिव पोखरेलले भने ।

हाल इजरायलमा ४ हजार ५०० भन्दा बढी नेपाली छन् । ती मध्ये १ हजार भन्दा मानिसहरू हालै केयरगिभरको रूपमा गएका थिए । उनीहरूको कामप्रति नर्सिङ होमका सञ्चालकहरू सन्तुष्ट देखिएका छन् । जसले गर्दा उनीहरूले थप नेपाली केयरगिभर माग गरेसँगै इजरायल सरकारले नेपालसमक्ष प्रस्ताव गरेको थियो ।

युद्धको अवस्था सामान्य बनेपछि दुवै देशका अधिकारीहरूबिच छलफल गरेर अघि बढ्ने उनको भनाई छ । इजरायलले केयरगिभरसँगै एक हजार जना कृषि कामदार समेत माग गरेको थियो । तर, प्रति कामदारले एक हजार अमेरिकी डलर तिर्नुपर्ने भएपछि नेपालले तत्कालका लागि उक्त प्रस्ताव अस्वीकार गरेको थियो ।

## इजरायल-हमास द्वन्द्वमा ५९ जना राष्ट्रसंघीय कर्मचारीको मृत्यु



काठमाडौँ– इजरायल-हमास द्वन्द्वमा संयुक्त राष्ट्र संघका कर्मचारी समेत मारिएका छन् । अक्टोबर ७ देखि सुरु भएको द्वन्द्वमा प्यालेस्टिनी शरणार्थीहरूलाई सहायता उपलब्ध गराउने संयुक्त राष्ट्रसंघीय निकायका ५९ कर्मचारीको मृत्यु भएको हो ।

इजरायल-हमास द्वन्द्वमा मारिएका सहकर्मीको सम्मानमा आइतमा जोर्डनको अम्मानमा गरिएको स्मृतिसभामा राष्ट्र संघका कर्मचारी । तस्बिर : यूएनआरडब्लूए

राष्ट्रसंघका अनुसार प्यालेस्टिनी शरणार्थीका लागि राष्ट्रसंघीय राहत तथा कार्य एजेन्सी(यूएनआरडब्लूए)मा कार्यरत कर्मचारी मारिएका हुन् । आइतबार जोर्डनको राजधानी अम्मानमा राष्ट्रसंघले मारिएका कर्मचारीको स्मृति समारोहसमेत आयोजना गरेको थियो ।

नेपाल भ्रमणमा रहेका राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सहकर्मीहरूको निधनमा दुःख व्यक्त गरेका छन् । उनले एक्समा लेखेका छन्, 'यूएनआरडब्लूएका सहकर्मी गुमाउनु पर्दा म र पूरा राष्ट्रसंघ परिवार दुःखी छौं । अकल्पनीय पीडाका बीच गाजामा सहकर्मीहरू आफ्नो जीवन नै जोखिममा राखेर आवश्यक सेवा दिन जुटिरहेका छन् । उनीहरूप्रति कृतज्ञ हुँदै म ऐक्यबद्धता र पूर्ण सहयोग रहने बताउन चाहन्छु ।'

अक्टोबर ७ यता प्यालेस्टाइनतर्फ ८ हजारभन्दा बढीको मृत्यु भइसकेको छ । मृत्यु हुनेमा महिला र बालबालिका बढी रहेको संयुक्त राष्ट्र संघले जनाएको छ । त्यस्तै हमासको आक्रमणमा परी इजरायलतर्फ १ हजार ४ सयभन्दा बढीको मृत्यु भएको छ ।

द्वन्द्वका कारण लाखौं प्यालेस्टिनी विस्थापित भएका छन् भने हजारौँले अस्पतालहरूमा शरण लिइरहेका छन् । द्वन्द्वमा पत्रकारहरूसमेत मारिएका छन् । इजरायल-हमास द्वन्द्वमा परी कम्तीमा ३४ प्यालेस्टिनी पत्रकार मारिएको अल जजीराले जनाएको छ । त्यस्तै हमासको आक्रमणमा परी दक्षिणी इजरायलमा ४ जना इजरायली पत्रकार मारिएको अन्तर्राष्ट्रिय पत्रकार महासंघ(आईएफजे)ले जनाएको छ ।

# नेपाली लेखक संघको चियापान तथा रचना वाचन कार्यक्रम सम्पन्न



**काठमाडौं–** नेपाली लेखक संघले विजया दशमीको अवसर पारेर काठमाडौको बागबजारस्थित पद्मकन्या क्याम्पसमा शुभकामना आदान प्रदान चिया पान तथा रचना वाचन गरी सम्पन्न गरेको छ । नेपाली लेखक संघसँग आवद्ध साहित्यकार, लेखक, कलाकार, कवि लगायतहरुको उपस्थितिमा शुभकामना आदान प्रदान गर्नुका साथै आ-आफ्ना रचना वाचन गरी कार्यक्रमलाई अकर्षण र नेपाली मौलिकताको उत्सवमय बनाइएको छ ।

कविहरुको रचना वाचनको लागि कार्यक्रमलाई सहजीकरण विमुन्स पौडेलले गरेकी थिइन । उनले क्रमश नाम टिपाईका साहित्यकार, कवि, लेखक, मुक्तककार,लगायतलाई सहजीकरण गरी कार्यक्रम सभ्य र भव्य बनाएकी थिइन ।

रचना वाचन गर्नेहरुको नामवली यस प्रकार रहेको छ ।

अन्जना पौडेल, पार्वती अधिकारी, प्रकाश विमिल, मिशन अधिकारी, एचके धिताल, राजबाबु श्रेष्ठ सागर, चुडामणि देवकोटा, मुकुन्द पौडेल, सुशील पौडेल, राजेशमान के.सी, सुधा देवकोटा ढकाल, शारादा गौतम आचार्य, चन्द्रा न्यौपाने, सुशीला ढकाल अधिकारी, हिरा परियार, कल्पना अधिकारी भट्टराई, पुनम घिमिरे, जानुका थापा, दुर्गा अधिकारी भमरकोटे, डा. सैलेन्द्र प्रकार नेपाल, प्रा.डा. ओम शर्मा, जनार्दन धडकन अधिकारी, चेतनपथ माधव, विजय ध्वज थापा लगायतले रचना वाचना गरका हुन् ।

कार्यक्रममा अन्य व्याक्तित्वहरुको पनि उपस्थिति रहेको थियो । तर रचना वाचन गरेका थिएनन् हाल नेपाली लेखक संघका अध्यक्ष विसु कुमार केसी रहेकाछन् ।

“नेपालीहरुको वडा दशै सवैको सदभाव उल्लास र एकतामा वल पुगोस र साहित्यकारहरुका भावनात्क एकता होस् भन्ने उदेश्यले कार्यक्रम आयोजना गरिएको अध्यक्ष केसीले जानकारी दिएका हुन् ।”

# थुप्रै प्रतिभा बोकेर जन आकाश मिडियामा दीपक हमाल



**काठमाडौं–** नेपाली साङ्गीतिक क्षेत्र होस या कलाकारिता क्षेत्र पछिलो समय प्रतिभा हुनेका लागि भन्दा पैसा हुनेका लागि स्थान दिने प्रचलन बढ्दै गएको छ ।

कलाकारिता क्षेत्रमा भविष्य बनाउने धेरैको रहर हुन्छ । “कोहीसँग प्रतिभा हुन्छ पैसा हुदैन” “कोहीसँग पैसा हुन्छ प्रतिभा हुँदैन” हरेक मानिसलाई जीवनमा एउटा न एउटा अभावले पिरली रहेको हुन्छ ।

नेपालमा राजनीतिक क्षेत्रमा आएको विकृति जस्तै कलाकारिता क्षेत्रमा पनि आफ्नो मान्छे छानेर स्थान दिने गरिन्छ । तर त्योभन्दा भिन्न अवस्थाबाट नेपाली कला क्षेत्रलाई माया गर्ने एक अधभूत क्षमता भएका कपिलवस्तुका दीपक हमाल प्रतिभाको लागि सम्मान र नव प्रतिभाका लागि स्थान दिने कार्यक्रम सङ्गीत खबरमा आफ्ना दुख सुनाउँदै थुप्रै क्यारिकेचर र अभिनय लिएर सबैलाई भावुक बनाएका छन ।

थुप्रै जनावरको र केटिको आवज बुढी मान्छेको आवज लगायत थुप्रै आवाजमा क्यारिकेचर गर्ने दीपक हमाल यतिबेला कलाकारिता क्षेत्रमा आफ्नो भविष्य बनाइदिने मान्छेको खोजिमा छन् ।

सानैदेखि कलाकारिता क्षेत्रमा भविष्य बनाउने सोच बोकेका दीपक हमालको जन आकाश मिडियाले निर्माण गरेको सङ्गीत खबर कार्यक्रममा गरिएको कुराकानी यस अंकमा प्रस्तुत गरेका छौं ।

विगत केही बर्सदेखि कपिलवस्तुबाट कामको सिलसिलामा काठमाडौं आएका दीपक हमाल अहिले काभ्रेको बनेपामा फर्निचरमा सामान्य खाना पकाउने काम गर्दै छन् ।

शारिरीकरुपमा अशक्त धेरै लोड हुने काम गर्न नहुने , शारिरीकरुपमा अशक्त भएकै कारण आफूले माया गरेको जीवन साथी आफ्नो दुई वर्षको छोरी छाडेर सम्पर्क विहिन भएको र अहिले सामान्य फर्निचरको काम गर्दै छोरीलाई पढाउदै आएको दीपकले जन आकाश मिडियासंग बताएका छन् ।

आफ्नी दुई बर्षकी छोरिले आमाको खोजि गर्दा म आफै केटिको आवाज निकालेर आमा बन्ने गर्थे किनकी मेरी छोरिलाई आमा नभएको महसुस नहोस् भनेर म किटी बनेर छोरिसँग खेल्ने गर्थे मेरो मुटु मेरो प्राण भनेकै मेरी छोरी हो ।

कलाकार बन्ने ठुलो रहर छ एक दिन कलाकार भएर आमा बुवाको नाम राख्ने मन छ तर यो बिरानो मुलुक काठमाडौं सहरमा कलाकारिता क्षेत्रमा लागेका कुनै व्यतिलाई चिनेको छैन कलाकार बन्ने सपना सपनामै सीमित होला जस्तो छ । अब काठमाडौमा बसेर नी केही गर्न सकिएन अब खाडिमुलुक विदेश तिर लाग्छु होला भावुक हुँदै थुप्रै क्यारिकेचर र अभिनय गर्न सक्ने दीपक हमाल जन आकाश मिडियासंग बताउँछन् ।

# गायक ई. देवकुमार तामाङको भिडियो सार्वजनिक





**काठमाडौं–** गायक ई. देव कुमार तामाङको स्वारमा रहेको “न त आँखा थाक्छन” बोलको गीत सार्वजनिक भएको छ । वरिष्ठ गीतकार एंव एआईजिपी टेक तामाङको शब्दमा कन्काईष्ट राइले संगीत/संयोजन गरेका छन् ।

स्टुडियो भिडियोमा गायक ई. तामाङ स्वयमको अभिनय रहेको छ। सँगसँगै हिडेका पलहरु याद गर्दै उनी हेरिरहन्छन्, आफ्नो प्रियसीलाइ आँखा नथाकुनजेलसम्म । यहि लाइन गीतमा ब्याख्य गरिएको छ ।

गायक तामाङ नेपाल सरकारको सडक विभागमा रहेर लामो समय काम गरेका थिए। अवकाशपछि गीति क्षेत्रलाई निरन्तर रुपमा अगाडी लैजाने जन आकाश मिडियासँगको कुराकानीमा उनले बताएका छन्। गायक तामाङले दर्शक श्रोतामाझ, अब पक्कै‘, जहाँ जहाँ बिझे पनि‘, कति कुरा यहाँ र ‘बाँसडोल नाम्सा’ गाइसकेका छन् ।

यसैगरी गीतकार तामाङ प्रहरी सेवामा कार्यरत रहेर पनि लामो समयदेखि गीति क्षेत्रमा कलम चलाउदै आएकाछन्। उनको गीतको “न त थाक्छन” शव्द सापटी लिएर भन्ने हो भने एक हातमा बन्दुक बोके पनि अर्को हातमा कलम निरन्तर चलिरहेको छ। गीतकार तामाङको यसअघि नजिक भएर पनि, तिमीलाई माया गर्छु, आमा, जीवन साथी, माया गरेर हेर, नेपाल आमा, मै खुकुरी सहित आधुनिक, राष्ट्रिय र सेलो गरी ४ सय ५० भन्दा बढी गीत रेकर्डिङ र प्रकाशन भईसकेकाछन् ।

# शान्तिनगर टोल विकास समिति वडा नं. ३१ को संयुक्त आयोजनामा शुभकामना आदानप्रदान



काठमाडौं- शान्तिनगर टोल विकास समिति वडा नं. ३१ सहित अन्य संस्थाहरुले संयुक्त रुपमा आयोजना गरेको दशैं विशेष विभिन्न कार्यक्रमहरु सम्पन्न भएको छ ।

पतन्जली योग समिति काठमाडौं-३१, बाबुछिरी टोल सुधार समिति, शान्तिनगर गेट जागरुक महिला समुह, शान्तिनगर समाज, मिलिजुली टोल सुधार समितिले संयुक्त रुपमा वडा दशैंको शुभकामना आदानप्रदान तथा विभिन्न कार्यक्रम सम्पन्न गरेको हो ।

शान्तिनगर टोल विकास समिती वडा नं. ३१ द्वारा संयुक्त रुपमा आयोजना गरेको गरेको जेष्ठ नागरिक सम्मान, चङ्गा उडाउने कार्यक्रम, लिङ्गे पिङ उद्धाटन तथा बडा दशैं २०८० को शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको हो ।

बागमती प्रदेश सभा सदस्य माननीय सुरज चन्द्र लामिछानेको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमको संयोजन तथा व्यवस्थापन शान्तिनगर गेट जागरुक महिला समुहले गरेको थियो ।


## हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०८० को अवसरमा सम्पूर्ण देश-बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड Co-operative Bank Limited (NCBL)

राष्ट्रिय सहकारी बैंक लि.
कुपन्डोल, ललितपुर



## उमाकुण्ड गाउँपालिका

माकादुम, रामेछाप
बागमति प्रदेश

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

अध्यक्ष
शेर बहादुर सुनुवार

उपाध्यक्ष
सावित्री सुनुवार

प्रमुख प्रशासकीय अधिकृत
चन्द्र लामा

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १३, २०८० साल कातिक १४ गते मंगलबार (Oct 31, 2023)

# "वाडौं खुशी चडौं सुजुकी" योजनमा भक्तपुर निवासी राजिप नागाले जिते सुनको सिक्का




**काठमाडौं-** भि.जि. अटोमोबाईल्स प्रा.लि.ले यहि कार्तिक २ गते टेकु सोरुममा गरिएको फेसबुक लाईभ मार्फत दास्रो बम्पर बिजेता घोषणा गरिएको छ। भक्तपुर निवासी राजिप नागाले दोस्रो बम्पर बिजेता बनेर १० ग्राम सुनको सिक्का जित्न सफल भएका छन् ।

यो योजना लागु भए देखि १५ दिनमा नेपाल अधिराज्य भरिका खरिदकर्ताहरुलाई समाबेश गरी गरेको लक्की ड्र मार्फत नागा दोस्रो बिजेता बन्न सफल भएका छन् । उनले टेकु स्थित भि.जि. अटोमोबाईल्स प्रा.लि.को आफ्नै सोरुमबाट एभिनिस १२५ सिसि बि एस ६ खरिद गरेका थिए ।

यो योजना अर्न्तगत ग्राहाकहरुले प्रत्येक सुजुकी मोटरसाईकल तथा स्कुटरको खरिदमा १० हजार पक्का छुट वा कुनै पनि ब्रण्डका पुराना मोटरसाईकल तथा स्कुटर संग नयाँ मोटरसाईकल तथा स्कुटर एक्सेन्ज गर्दा १५ हजार तथा अन्य कुनै पनि ब्रण्डका पुराना मोटरसाईकल तथा स्कुटर संग नयाँ मोटरसाईकल तथा स्कुटर एक्सेन्ज गर्दा १० हजार रुपैयाँ थप मुल्याङ्कन प्राप्त गर्न सक्नेछन् वा शुन्य प्रतिशत ब्याजदरमा फाईनान्सको सुबिधाका साथै एक बर्ष रोड ट्याक्स फ्रि हुनेसमेत कम्पनीले जनाएको छ ।

भि.जि. अटोमोबाईल्स प्रा.लि. सुजुकी ब्राण्डका मोटरसाईकल तथा स्कुटरको नेपालका लागि आधिकारीक आयातकर्ता तथा बिक्रेता हो ।


## हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी,
दिपावली, नेपाल सम्वत् र छठ २०८० को
अवसरमा सम्पूर्ण देश-बिदेशमा रहनु भएका
नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक
मंगलमय शुभकामना ।

घन बा. तामाङ
अध्यक्ष
जम्वला हर्वल प्रा.ली

सामाजिक सञ्जाल प्रयोग गर्दा सतर्कता अपनाऔं

सामाजिक सञ्जालमाः

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रमप्रति अवहेलना हुने,
- शान्ति-सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानुनले रोक लगाएका सामाग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयबस्तु पोष्ट वा शेयर गर्नु हुँदैन। त्यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी,
दिपावली, नेपाल सम्वत् र छठ २०८० को
अवसरमा सम्पूर्ण देश-बिदेशमा रहनु भएका
नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक
मंगलमय शुभकामना ।

N M A
नेपाल पर्वता रोहण संघ

## मन्थली नगरपालिका

मन्थली, रामेछाप
बागमति प्रदेश, नेपाल

सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख
श्री लब श्रेष्ठ

उप- प्रमुख
श्री इश्वरी बस्नेत

प्रमुख प्रशासकीय अधिकृत
श्री हरि प्रसाद चापागाई





जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस